नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

बागमती प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

बागमती प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा विभाग

लेखक

रोशनी भुजेल
डा. हरि प्रसाद ढुंगाना
गोबिन्द भण्डारी

भाषा सम्पादक

उत्तम आचार्य

प्रतिलिपि अधिकार

अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर।

स्पस्टिकरण

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ शासकीय प्रणालीका विभिन्न पक्षहरूको बारेमा नागरिकहरूको विचार बुझ्न पहिलो पटक गरिएका हो। प्रस्तुत प्रतिवेदनमा व्यक्त गरिएका विचारहरू प्रतिष्ठानको अधिकारिक होइनन्।

बिस्तृत जानकारी

अनुसन्धान र विकास केन्द्र
अनुसन्धान र परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
rcsd@nasc.org.np
www.nasc.org.np

साभार गर्ने तरिका

भुजेल, रोशनी, ढुंगाना, हरि प्रसाद र गोबिन्द भण्डारी, २०७७, नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४: बागमती प्रदेशको प्रादेशिक प्रतिवेदन। जावलाखेल, ललितपुरः नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान।

मन्तव्य

यस प्रादेशिक प्रतिवेदन नेपालको शासकीय सर्वेक्षण २०७४ का आधारमा तयार पारिएको हो । उक्त सर्वेक्षणमा नेपाल पुरानो केन्द्रिकृत शासन प्रणालीबाट संघीय प्रणालीमा रूपान्तरण हुने क्रममा देशको सार्वजनिक वृत्त, शासन-प्रशासन तथा सेवा प्रवाह लगायतका विभिन्न आयामहरूमा देशका सबै ठाउँमा बसोबास गर्ने नागरिकहरूमा रहेका धारणा र बुझाइलाई तथ्याङ्कको रूपमा एउटा आधार वा आधार-रेखा बनाउने उद्देश्य लिइएको थियो । सर्वेक्षणको मूल प्रतिवेदन अङ्ग्रेजी भाषामा र समग्र नेपाललाई समेटेर प्रस्तुत गरिएकामा देशका सातवटै प्रदेशका छुट्टाछुट्टै नतिजा समेटेर नेपाली भाषामा प्रतिवेदन तयार पार्ने सिलसिलामा बागमती प्रदेशको तथ्याङ्कलाई समेटेर यो प्रतिवेदन प्रस्तुत गरिएको छ ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को तथ्याङ्कविना यो प्रतिवेदन तयार पार्न सम्भव हुने थिएन । त्यसैले सर्वेक्षणका लागि नेपाल सरकार र अन्य संघ संस्था, तथ्याङ्क संकलनका समयमा खटिनुहुने तथ्याङ्क संकलकहरू, तथ्याङ्क संकलन कार्यलाई सहजीकरण र अनुगमन गर्ने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । साथै तथ्याङ्कको प्रस्तुतिमा सहयोग गर्ने प्रतिष्ठानका अनुसन्धान तथा प्रशिक्षण अधिकृत अनिल कुमार गुप्तालाई पनि हार्दिक धन्यवाद दिन चाहान्छौं । साथै प्रतिवेदनको भाषा सम्पादन गरी पठनीय बनाउन योगदान दिने प्रतिष्ठानका अध्ययन निर्देशक उत्तम आचार्यप्रति आभारी छौँ ।

प्रतिवेदनमा सर्वेक्षणको तथ्याङ्कले प्रस्तुत गरेका विषयवस्तुलाई व्याख्यात्मक स्वरूप प्रदान गरिएको छ । सरल रूपमा लेखिएको यो प्रतिवेदन अध्ययन गर्ने सम्पूर्ण पाठक वर्गलाई सरल र सहज हुन्छ भन्ने अपेक्षा गरिएको छ । प्रतिवेदनले बागमती प्रदेशको समग्र शासकीय स्वरूप र प्रक्रियामा त्यस प्रदेशका नागरिकको धारणा र अभिमतलाई प्रतिविम्वित गर्छ । प्रतिवेदनलाई त्रुटीरहित बनाउन हरसंभव प्रयास गरिएको छ । यद्यपि कुनै त्रुटी रहेमा त्यसको जिम्मेवारी प्रतिवेदन लेखन समूहकै हुनेछ । आगामी दिनमा यसलाई अझ परिष्कृत गर्दै लैजाने कुरामा प्रतिबद्ध रहँदै सम्पूर्ण पाठक वर्गबाट रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दछौं ।

कार्यकारी सारांश

नेपालको शासकीय सर्वेक्षण २०७४ मा देशका नागरिकहरूले आफ्नो सम्बन्धित ठाउँ, क्षेत्र तथा समग्र देशकै शासन-प्रशासनका विभिन्न आयामहरूमा अभिव्यक्त धारणा तथा बुझाइको प्रस्तुति गर्ने ध्येय राखिएको थियो । सर्वेक्षणका देहायका उद्देश्यहरू रहेका थिए ।

- देशको शासन प्रणालीका विभिन्न आयामहरूका बारेमा नेपाली नागरिकहरूको समग्र बुझाइ तथा अनुभवको मानचित्र प्रस्तुत गर्ने;
- संघ, प्रदेश र स्थानीय सरकारको नीति निर्माण, योजना तर्जुमा तथा शासकीय क्षेत्रमा सुधार गर्नका लागि आवश्यक तथ्यगत जानकारी दिने; र
- प्रतिष्ठानले गर्ने क्षमता विकास सम्बन्धी कामका साथै प्राज्ञिक प्रयोजनका लागि पनि सन्दर्भ सामग्री विकसित गर्ने ।

यो सर्वेक्षणका लागि "शासकीय प्रणाली" लाई देहायका तीन प्रमुख आयाममा परिभाषित गरिएको थियो ।

- शासकीय प्रणाली आधारशिला (राज्यका निकाय तथा अन्य संस्थाहरूले ग्रहण गर्ने समाजका मूलभूत मान्यता)
- शासकीय प्रणालीका पूर्वाधार (लोकतान्त्रिक पद्धति सम्मत संस्थागत व्यवस्था)
- सेवा प्रवाह (राज्यले जनतासमक्ष गरेका वाचा बमोजिम प्रदान गर्ने सेवासुविधा)

यी तीन आयामका साथै देशको आगामी दिशाबारेमा रहेका जनताका बुझाइ र अपेक्षासमेत समावेश गरी चार विषयलाई विभिन्न उपशिर्षकहरूमा विभाजन गरी प्रश्नावली बनाएर सर्वेक्षण सम्पन्न गरिएको थियो ।

सर्वेक्षणमा देशभरीबाट १२,८७२ व्यक्तिसित अन्तर्वार्ता लिइएकोमा बागमती प्रदेशमा जम्मा उत्तरदाता २०३२ थिए । तीमध्ये पहाडी क्षेत्रबाट ५६ प्रतिशत रहेका थिए भने हिमाली क्षेत्रबाट ३० प्रतिशत र तराईबाट बाँकी १४ प्रतिशत थिए । त्यसमध्ये महिला ५३ प्रतिशत र पुरूष ४७ प्रतिशत रहेका थिए । यसैगरी उत्तरदातामा विभिन्न सामाजिक समूहका उत्तरदाता पनि सम्मिलित रहेका थिए ।

यसरी गरिएको सर्वेक्षणमा बागमती प्रदेशमा उत्तरदाताबाट प्राप्त भएको विस्तृत नतिजा यो प्रतिवेदनमा समाविष्ट गरिएका छ । बागमती प्रदेशका धेरैजसो उत्तरदाताहरूको जनसहभागिता हुने विविध खाले सार्वजनिक कृयाकलापमा सहभागी नहुने गरेको पाइयो । त्यस्तै स्थानीय विकास योजनामा ७२ प्रतिशत उत्तरदाताहरू कहिल्यै सहभागी नहुने र १४ प्रतिशत कहिलेकाहीँ सहभागी हुने पाइयो । उनीहरूले विभिन्न सरकारी, सार्वजनिक वा राजनीतिक निकाय वा संस्थामध्ये नेपाली

सेना र सञ्चार माध्यमलाई बढी इमान्दार ठानेको पाईयो । यो प्रदेशको ५४ प्रतिशत नागरिकले सरकारले चाहेमा देशबाट भ्रष्टाचार नियन्त्रण गर्न सक्ने र २५ प्रतिशतले सरकारले भ्रष्टाचार नियन्त्रण नचाहेको बताए । उनीहरूमध्ये लगभग एक-तिहाई जति विद्यालयका सामाजिक परीक्षण तथा उपभोक्ता समितिमा सहभागी हुने गर्दथे ।

त्यसैगरी बागमती प्रदेशका ९५ प्रतिशत नागरिकले चुनावका क्रममा आँफूले चाहेको उम्मेदवार छान्नलाई अवरोध नभएको बताए । उनीहरूमध्ये ६४ प्रतिशतले नेपालको नयाँ संविधान बारे सुनेका बताए । तीमध्ये ४१ प्रतिशतलाई मात्र नेपालमा तीन तहका सरकार रहेको थाहा थियो। लगभग आधाजतिलाई नेपालमा सबै जातजातिका उत्तरदाताको समान अधिकार छ भन्ने बुझाइ रहेको थियो र निर्वाचनमा समावेशी व्यवस्था रहेको भन्ने बुझाइ ४५ प्रतिशत मा रहेको थियो । विकास निर्माणमा ४० प्रतिशत नागरिकले सडक रोजेका थिए भने २७ प्रतिशतले खानेपानीको व्यवस्था प्रमुख मानेका थिए । प्रदेशका ८५ प्रतिशत नागरिकले स्थानीय निर्वाचित पदाधिकारीबाट शासकीय सुधार हुने अपेक्षा राखेका थिए । बागमती प्रदेशका जम्मा उत्तरदातामध्ये आधाजतिलाई राजनीतिक दलका कृयाकलापबारे जानकारी भएको पाईयो । तीमध्ये २६ प्रतिशत नागरिकले राजनीतिक दलका उम्मेदवारको छनौट कार्य सम्पादनका आधारमा हुने र २४ प्रतिशत नागरिकले ठूला नेतासितको नाता र सम्बन्धको आधारमा छनौट हुने उल्लेख गरे ।

यो सर्वेक्षणको तेश्रो आयामको रूपमा रहेको सेवा-प्रवाह सम्बन्धमा बागमती प्रदेशका नागरिकका भोगाइ र बुझाइ रहेको थियो । बागमती प्रदेशका ७१ प्रतिशत नागरिकले पहिलो प्रयासमा आँफूले प्राप्त गर्न चाहेको सरकारी सेवा पाएको बताए भने २२ प्रतिशत नागरिकले दोश्रो पटक र ७.१ प्रतिशतले तेश्रो पटकसम्म प्रयास गर्नुपरेको बताए । दुई तिहाई नागरिकले सेवा प्राप्त गर्न सेवा शुल्क तिरेका थिए तर तीमध्ये ६० प्रतिशतले मात्र शुल्क तिरेको रसिद पाएका थिए । झण्डै दुई तिहाई नागरिकहरूमा सरकारी कर्मचारीले सेवाको बारेमा स्पष्ट सूचना दिएको, नम्र भाषा प्रयोग गरेको, र नागरिकका कुराहरू राम्रोसित सुनेको पाइयो ।

माथिका तीन आयामका अतिरिक्त यो सर्वेक्षणमा देशको आगामी दिशाका बारेमा पनि प्रश्नहरू सोधिएको थियो । बागमती प्रदेशका ७६ प्रतिशत नागरिकले देश सही दिशातिर गइरहेको बताए भने १७ प्रतिशतले गलत दिशामा हिँडिरहेको बताए । यसमा महिलाहरू पुरूषभन्दा बढी आशावादी रहेको देखियो । त्यसैगरी ८१ प्रतिशत नागरिकले नेपालको आर्थिक अवस्था तथा आफ्नो जीवनस्तरमा पनि सुधार आउने बताएका थिए । त्यसैगरी देशको राजनीतिक अवस्था, राजनीतिक दलहरू तथा सरकारमाथि नागरिकको विश्वास बढ्ने बारे सहमत हुने धेरै नागरिक थिए । समग्रमा बागमती प्रदेशका अधिकांश नागरिकहरू नयाँ संविधानपछि भएको चुनावले देशको अवस्था र निजी तथा पारिवारिक अवस्थामा पनि सुधार हुनेमा आशावादी रहेको देखियो ।

विषय सूची

मन्तव्य क
कार्यकारी सारांश ख
विषय सूची ङ
चित्रहरू छ
अनुसूची ज

परिचय १
१.१ पृष्ठभूमि १
१.२ बागमती प्रदेशको संक्षिप्त जानकारी २
१.३ शासकीय प्रणालीको परिभाषा र यसका आयामहरू ३
१.४ सर्वेक्षण अध्ययनको विधि ३
१.५ उत्तरदाताको परिचय ३
१.६ सर्वेक्षणको तत्कालिन परिवेश ४
१.७ प्रतिवेदनको संरचना ४

शासकीय प्रणालीको आधारशिला ५
२.१ सार्वजनिक क्रियाकलापमा सहभागिता ५
२.२ स्थानीय विकास योजनामा सहभागी र छलफल ६
२.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता ६
२.४ भ्रष्टाचार नियन्त्रण ७
२.५ सामाजिक जवाफदेहिताको संयन्त्र ८
२.६ सामाजिक सेवामा पहुँच ९
२.७ सार्वजनिक स्थलमा हुने विभेद १०
२.८ सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार ११
२.९ नागरिक सुरक्षाको अनुभव १२

शासकीय प्रणालीको पूर्वाधार १३
३.१ मतदानमा सहभागिता १३
३.२ चुनावको गुणस्तर १३
३.३ संविधानको बारेमा जनकारी १४

३.४ राज्य शक्तिको बाँडफाँडबारे जानकारी १५
३.५ विकासका प्राथमिकता १६
३.६ स्थानीय सरकारको कार्यसम्पादन १६
३.७ स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार १७
३.८ राजनीतिक दलका क्रियाकलाप बारे जानकारी १८
३.९ राजनीतिक दलप्रति विश्वास १८
३.१० राजनीतिक दलले उम्मेदवार छनौट गर्ने प्रक्रिया १९
३.११ नागरिक चासोका विषयहरूमा सरकारले दिने सूचनाको अवस्था २०
३.१२ सरकारले दिएको सूचनाको स्पष्टता २०
३.१३ आधारभूत सामाजिक सुरक्षाको बारेमा जानकारी २१
३.१४ सार्वजनिक सुरक्षाको अवस्थामा सुधार २२
३.१५ सहयोगका लागि प्राथमिकता २३

सार्वजनिक सेवा-प्रवाह २४

४.१ सेवा लिनको लागि गरिएका प्रयास २४
४.२ सार्वजनिक सेवा वापत तिरेको शुल्क २५
४.३ सेवा प्रदायकको व्यवहार २५
४.४ सार्वजनिक सेवा लिंदाको अवरोध २७
४.५ सार्वजनिक सेवा लिंदाको सहजता २७
४.६ सार्वजनिक सेवाको वातावरण २९
४.७ सार्वजनिक सेवाबाट सन्तुष्टी २९

देशको आगामी दिशा ३१

५.१ देशको आगामी दिशा ३१
५.२ देशको आगामी अवस्थामा सुधार ३१

सन्दर्भ सूची ३३

चित्रहरू

चित्र २.१: सार्वजनिक क्रियाकलापमा सहभागिता ५
चित्र २.२: स्थानीय विकास योजनामा सहभागिता ६
चित्र २.३: सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता ७
चित्र २.४: भ्रष्टाचार नियन्त्रण ८
चित्र २.५: जवाफदेहिताको संयन्त्र ९
चित्र २.६: सेवामा पहुँच १०
चित्र २.७: सार्वजनिक स्थलमा हुने विभेद १०
चित्र २.८: सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार ११
चित्र ३.२: चुनाबको गुणस्तरीयता १४
चित्र ३.४: राज्य शक्तिको बाँडफाँडबारे जानकारी १५
चित्र ३.५: विकासको प्रथामिकता १६
चित्र ३.९: राजनीतिक दलप्रति विश्वास १९
चित्र ३.१०: राजनीतिक दलले उम्मेदवार छनौट गर्ने प्रक्रिया १९
चित्र ३.१२: सरकारले दिएको सूचना बुझ्ने २१
चित्र ३.१३: आधारभूत सामाजिक सुरक्षाको बारेमा जानकारी २२
चित्र ३.१४: सार्वजनिक सुरक्षामा अवस्थाको सुधार २३
चित्र ३.१५: सहयोगको लागि प्राथमिकता २३
चित्र ४.३: सेवा प्रदायकहरूको व्यवहार २६
चित्र ४.४: सेवा प्राप्त गर्दाको अवरोध/समस्याहरू २७
चित्र ४.५: सेवा प्राप्त गर्ने सहजता २८
चित्र ५.२: देशको आगामी अवस्थामा सुधार ३२

अनुसूची

तालिका १: उत्तरदाताको सामाजिक तथा जनसंख्याको विवरण ३४
तालिका २: वि.सं. २०७४ सालको संघीय तथा प्रदेश निर्वाचनमा सहभागिता ३६
तालिका ३ संविधानको बारेमा ज्ञान ३८
तालिका ४: स्थानीय तहमा निर्वाचीत प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार ४०
तालिका ५: राजनीतिक दलका क्रियाकलापबारे जानकारी ४२
तालिका ६: नागरिक चासोका विषयहरूमा सरकारले दिने सूचनाको अवस्था ४४
तालिका ७: सार्वजनिक सेवा वापत तिरेको शुल्क ४६
तालिका ८: सेवा लिनको लागि गरिएका प्रयास ४८
तालिका ९: सेवा प्राप्त गर्ने वातावरण ५०
तालिका १०: सेवापछिको सन्तुष्टी ५२
तालिका ११: देशको आगामी दिशा ५४

परिच्छेद
१

परिचय

१.१ पृष्ठभूमि

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले केन्द्रिय तथ्याङ्क विभागको सहकार्यमा २०७४ सालमा नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण गरेको थियो । यो सर्वेक्षणमा २०७२ सालमा नेपालको संविधान लागू भए संगै नेपालको संघिय संरचना र शासकीय पद्धतिमा आएको परिवर्तन पछि नागरिकले पुरानो र नयाँ संरचनाबीचको संक्रमणको अनुभव गरिरहेको सन्दर्भलाई तथ्याङ्कीय रूपले अभिलेख गरिएको छ । यो सर्वेक्षणमा देशको सार्वजनिक वृत्त, शासन-प्रशासन तथा सेवा प्रवाहलगायतका विभिन्न आयामहरूमा नागरिकहरूको धारणा बुझ्ने उद्देश्य राखिएको थियो । यो सर्वेक्षणको मूल प्रतिवेदन यसअघि नै प्रकाशित भइसकेको छ । उक्त प्रतिवेदनमा सर्वेक्षणका नतिजाहरू नेपालभरिको समग्रताको रूपमा प्रस्तुत गरिएकोले हुनाले देशमा बनेका सात प्रदेशबाट प्राप्त विशिष्ट नतिजाहरू पनि ती प्रदेशका सरकार तथा सरोकारवालाहरूको अभिरूचिको विषय हुने देखियो । तसर्थ, ती कुराहरू समेटेर प्रादेशिक प्रतिवेदनहरू पनि प्रकाशित गर्ने जमर्को गरिएको हो । यसबाट शासकीय प्रणालीका विभिन्न आयाममा सबै प्रदेशका आ-आफ्नै बेसलाइन बन्ने मौकासमेत मिल्यो । यसै सिलसिलामा यो प्रतिवेदन तयार पारिएको छ - बागमती प्रदेशका नतिजा लिएर ।

यो प्रतिवेदनमा आफ्नो सम्बन्धित ठाउँ, क्षेत्र तथा समग्र देशकै शासन-प्रशासनका विभिन्न पाटाहरूमा बागमती प्रदेशका नागरिकहरूले सर्वेक्षणका क्रममा अभिव्यक्त गरेका धारणाहरू विश्लेषण गरिएको छ । यस प्रस्तुतिबाट उक्त सर्बेक्षणले राखेका देहायका उद्देश्यमा समेत् थप योगदान पुग्ने ठानिएको छ ।

- देशको शासन प्रणालीका विभिन्न आयामहरूका बारेमा नेपाली नागरिकहरूको समग्र बुझाइ तथा अनुभवको मानचित्र प्रस्तुतगर्ने ।
- संघ, प्रदेश र स्थानीय सरकारहरूलाई तिनका नीति निर्माण लगायतका लागि तर्जुमा गर्न शासकीय क्षेत्रमा सुधार गर्न तथ्यगत जानकारी दिने ।
- प्रतिष्ठानले गर्ने क्षमता विकाससम्बन्धी कामका साथै प्राज्ञिक प्रयोजनका लागि सन्दर्भ सामग्री विकसित गर्ने ।

१.२ बागमती प्रदेशको संक्षिप्त जानकारी

बागमती प्रदेश नेपालको सात प्रदेशहरूमध्ये एक हो जुन नयाँ संविधानमा प्रदेश ३ को रूपमा स्थापित भएको छ। यस प्रदेशमा देशको राजधानी काठमाडौँसहित पहाडी र हिमाली शिखरहरू गौरीशंकर, लाङ्टाङ्, जुगल र गणेश पर्दछन् । यो प्रदेशले २०,३०० वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ जुन देशको कुल क्षेत्रलको १४% हुनआउँछ । यो प्रदेशको सीमाना उत्तरमा चीनको तिब्बत, पूर्वमा प्रदेश नं १, पश्चिममा गण्डकी प्रदेश, दक्षिणमा प्रदेश नं २ र भारतको बिहार राज्यसम्म फैलिएको छ । नेपालको सबभन्दा अधिक जनसंख्या ५,५२९,४५२ भएको यो प्रदेशमा नेवार, तामाङ्, शेर्पा, थारू, चेपांग, जिरेल, ब्राह्मण, क्षेत्री, थारू लगायतका समुदायको बसोबास रहेको छ ।

यो प्रदेश को राजधानी हेटौंडामा अवस्थित छ । यो प्रदेशमा १३ जिल्ला र ११३ स्थानीय तह रहेका छन् । यो प्रदेशमा प्रदेश सभाको ६६ निर्वाचन क्षेत्रहरू र संघीय प्रतिनिधि सभाको ३३ निर्वाचन क्षेत्रहरू पर्दछन् । स्थानीय स्तरमा, यो प्रदेशमा ३ महानगरपालिका, १ उप महानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिकाहरू रहेका छन् ।

तालिका १: बागमती प्रदेशको सामान्य विवरण

विवरण	बागमती प्रदेश	नेपाल
जिल्ला	१३	७७
स्थानीय सरकार	११९	७५३
गाउँपालिका	७४	४६०
नगरपालिका	४१	२७६
उप महानगरपालिका	१	११
महानगरपालिका	३	६
संघीय प्रतिनिधि सभाको निर्वाचन क्षेत्र	३३	१६५
प्रदेश सभाको निर्वाचन क्षेत्र	६६	३३०
प्रदेश सभाको सदस्य संख्या	११०	५५०

स्रोतः प्रदेशको वस्तुस्थिति विवरण, प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ३, हेटौडा

साथै, यो प्रदेशले पाँच वटा हिमाली जिल्लाहरू (धादिंग, रसुवा, सिन्धुपाल्चोक, रामेछाप र दोलखा), दुई पहाडी जिल्लाहरू (काभ्रेपलान्चोक र नुवाकोट), काठमाडौँ उपत्यकाका तीन जिल्लाहरू (काठमाडौँ, ललितपुर र भक्तपुर) र तीनवटा भित्री मधेशका जिल्लाहरू (मकवानपुर, सिन्धुली र चितवन) लाई ओगटेको छ ।

१.३ शासकीय प्रणालीको परिभाषा र यसका आयामहरू

यो सर्वेक्षणका क्रममा "शासकीय प्रणाली" लाई तीन प्रमुख आयामहरूमा परिभाषित गरिएको छ । यसमा राज्यका निकाय तथा अन्य संस्थाहरूले समाजका मूलभूत मान्यता (शासकीय प्रणालीका आधारशिला) अनुरूप, लोकतान्त्रिक पद्धतिसम्मत संस्थागत व्यवस्था (शासकीय प्रणालीका पूर्वाधार) को प्रचलन मार्फत् राज्यले जनतासमक्ष गरेका वाचा बमोजिमका सेवा सुविधा प्रदान गर्ने (सेवा प्रवाह) विषयमा आफ्नो अधिकार कसरी प्रयोग गर्दछन् भन्ने कुरा समेटिएको छ । यी तीन कुराको सही मिश्रणबाट नागरिक र राज्यबीचको सम्बन्ध बलियो बन्न जाने मान्यता यो सर्वेक्षणमा राखिएको छ ।

१.४ सर्वेक्षण अध्ययनको विधि

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा ४३ जिल्लाका १२,८७२ व्यक्तिहरूसंग अन्तर्वार्ता लिइएको थियो । सर्वेक्षणको स्थलगत अध्ययन २०७४ मङ्सिरदेखि फागुन गरिएको थियो । यो सर्वेक्षणले नागरिकहरूको छनौट गर्न १) जिल्ला २) नगरपालिका/गाउँपालिका ३) मतदान केन्द्रहरू र ४) व्यक्तिहरू गरी चार चरणको छनौट विधि अपनाएको थियो। सम्भावित उत्तरदाताहरूको स्रोत संघीय र प्रादेशिक चुनावका लागि २०७४ मा नेपालको निर्वाचन आयोगले तयार पारेको मतदाता नामावली हो । चयन गरिएको प्रत्येक मतदान केन्द्रबाट २० मतदाताहरू व्यवस्थित रूपमा मुख्य नमूनाको लागि छनौट गरिएको थियो ।

१.५ उत्तरदाताको परिचय

यो सर्वेक्षणमा बागमती प्रदेशबाट कुल २०३२ उत्तरदाता सहभागि भएका थिए । तीमध्ये पहाडी क्षेत्रबाट धेरै (५६.१ %) रहेका थिए । हिमाली क्षेत्रबाट ३०.२ प्रतिशत उत्तरदाता र तराईबाट बाँकी १३.८ प्रतिशत उत्तरदाता थिए । यिनमा महिला उत्तरदाता ५३ प्रतिशत र पुरूष ४७ प्रतिशत रहेका थिए । कुल उत्तरदाता मध्ये सबैभन्दा धेरै पहाडी समुदायका नागरीक थिए, जसमा पनि पहाडे जनजातिको अनुपात सबैभन्दा बढि (३८.४ %) थियो । त्यसैगरी पहाडे क्षेत्री/ठकुरी र पहाडे ब्राह्मण/संन्यासी क्रमशः २२.१ प्रतिशत र २१.९ प्रतिशत थिए । उमेर समूहको आधरमा ४०-५९ उमेर समूहका जनसंख्या बढी देखिएको छ भने कुल उत्तरदाता मध्ये १८-२४ उमेर समूहका जनसंख्या कम देखिएको छ । थप विवरण अनुसूची १ मा रहेको छ ।

१.६ सर्वेक्षणको तत्कालिन परिवेश

यो सर्वेक्षणका नतिजाहरूको थप व्याख्याका क्रममा सर्वेक्षण कस्तो परिवेशमा गरिएको थियो भन्ने हेर्नु आवश्यक हुन आउँछ । नागरिकहरूसित अन्तर्वार्ता लिने स्थलगत काम २०७४ साल मङ्सिरदेखि फागुनसम्ममा सकिएको थियो । त्यस अगाडि नेपालको संविधान बमोजिम संघीय संरचना चुनाव सम्पन्न भएको थियो । राजनीतिक द्वन्द र हिंसाको अन्त्य गरी संवैधानिक प्रणालीतर्फ राज्यको स्थायीत्त्वतर्फ पाइला चालिदै गरेको, तर नयाँ संरचनाहरू बनि नसकेको अवस्थामा यो सर्वेक्षण भएको थियो ।

१.७ प्रतिवेदनको संरचना

यो प्रतिवेदन पाँच परिच्छेद्मा विभाजन भएको छ । पहिलो परिच्छेद्मा शासकीकय सर्वेक्षणको परिचय, विधि, र परिवेशबारे जानकारी समावेश गरिएको छ। परिच्छेद् २ मा शासकीय प्रणालीको आधारशिला; परिच्छेद् ३ मा शासकीय प्रणालीका पूर्वाधार तथा परिच्छेद् ४ मा सार्वजनिक सेवा प्रवाहका तथ्याङ्कहरू विश्लेषण गरिएको छ । अन्तिम परिच्छेद्को रूपमा परिच्छेद् ५ मा देशको आगामी दिशा बारेमा सर्वेक्षणबाट प्राप्त तथ्याङ्क प्रस्तुत गरिएको छ ।

परिच्छेद
२

शासकीय प्रणालीको आधारशिला

२.१ सार्वजनिक क्रियाकलापमा सहभागिता

यो सर्वेक्षणमा नागरिकहरूलाई उनीहरूको सार्वजनिक क्रियाकलापमा कत्तिको सहभागिता जनाएका थिए भनेर सोधिएको थियो । चित्र २.१ मा देखाइएको विभिन्न सार्वजनिक क्रियाकलापमा धेरै (९२%) नागरिकहरूले धर्ना, घेराउजस्ता विरोध कार्यक्रममा कहिल्यै सहभागी नहुने कुरा बताएका थिए । त्यसैगरी, ७१ प्रतिशत नागरिकहरूले आफूँहरू स्थानीय तहको योजना/बजेट बैठक जस्ता कार्यक्रमहरूमा कहिलेकाहीँ सहभागी हुन्छु भनेका थिए । बारम्बार सहभागी हुने कार्यक्रममा सबैभन्दा धेरै (१६%) नागरिकहरू रहेका थिए जसमा सामाजिक सञ्जाल अभियानहरू जस्ता कार्यक्रमहरू थिए । यद्दपि, धेरै जस्तो नागरिकहरूले जुनसुकै कार्यक्रममा कहिल्यै सहभागी हुन्न भन्ने प्रतिक्रिया धेरै आए पनि बारम्बार र सकेसम्म सहभागी हुन्छु भन्ने आशयले जनताहरूमा प्रजातान्त्रिक शासन पद्धतिको प्रत्याभूति गराएको देखिन्छ ।

चित्र २.१: सार्वजनिक क्रियाकलापमा सहभागिता (% मा, संख्या = २०३२)



२.२ स्थानीय विकास योजनामा सहभागी र छलफल

चित्र २.२ ले स्थानीय विकासमा बागमती प्रदेशका कुल नागरिकको स्थानीय विकास योजनामा सहभागिता देखाएको छ । कुल नागरिकमध्ये धेरै (७२%) नागरिकले आँफूहरू कहिल्यै पनि कुनै पनि स्थानीय विकासमा सहभागी नभएको कुरा बताएका थिए । कहिलेकाहीँ सहभागी हुने नागरिक १४ प्रतिशत थिए भने विरलै हुन्छु भन्ने नागरिकहरू ६ प्रतिशत रहेका थिए । स्थानीय विकासमा सहभागी हुनुपर्छ भन्ने थाहा नभएका ५ प्रतिशत नागरिक थिए भने विरलै सहभागी हुने ३ प्रतिशत रहेका थिए ।

चित्र २.२: स्थानीय विकास योजनामा सहभागिता (% मा, संख्या = २०३२)



२.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता

कुनै पनि शासन पद्धतिको गुणस्तरीयताको मापन त्यहाँ रहेका सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारीतामा भर पर्छ । चित्र २.३ ले सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता बारे देखाएको छ । कुल नागरिकहरूमध्ये सबैभन्दा धेरै (४१%) ले नेपाली सेना धेरै इमान्दार रहेका बताएका थिए । त्यसैगरी नेपाली सेनापछि क्रमैसंग इमान्दार रहेका संस्थानहरूमा २१ प्रतिशत नागरिकले अदालत, २० प्रतिशत नागरिकले सञ्चार माध्यम रहेका बताएका थिए ३४ प्रतिशत नागरिकको नजरमा सबैभन्दा धेरै व्यापारीहरू विल्कुलै इमान्दार नरहेको बताएका थिए । व्यापारीपछि मन्त्रिहरूलाई सबैजसो नागरिकले विल्कुलै विश्वास गर्न नसकिनेमा राखेका थिए ।

चित्र २.३: सार्वजनिक तथा राजनैतिक संस्थाहरूको इमान्दारिता (% मा, संख्या = २०३२)



२.४ भ्रष्टाचार नियन्त्रण

चित्र २.४ ले बागमती प्रदेशको भ्रष्टाचार नियन्त्रण बारेमा देखाएको छ । नेपालमा भ्रष्टाचार नियन्त्रण गर्न सरकार तथा विभिन्न सरोकारवलाहरूले धेरै काम र प्रयासहरू गरेका थिए तर पनि ती सबै प्रयासहरू सफल भएका छैनन् । यसै विषयमा नागरिकहरूलाई सरकारले भ्रष्टाचार नियन्त्रण गर्न सक्छ कि सक्दैन भनेर सोधिएको थियो । कुल नागरिकमध्ये ५४ प्रतिशतले सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्ने भनेका थिए भने १३ प्रतिशतले भ्रष्टाचार नियन्त्रण गर्न नसकिने धारणा व्यक्त गरेका थिए। भ्रष्टाचार नियन्त्रण बारे थाहा नभएको नागरिकहरूमा ८ प्रतिशत रहेका थिए र सरकारले भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने २५ प्रतिशत नागरिकहरू रहेका थिए ।

चित्र २.४: भ्रष्टाचार नियन्त्रण (% मा, संख्या = २०३२)



२.५ सामाजिक जवाफदेहिताको संयन्त्र

सामाजिक जवाफदेहिता सुशासनको एउटा महत्वपूर्ण पक्षको रूपमा रहेको छ । यसको सुनिश्चिता गर्नको लागि नेपाल सरकारले विभिन्न जवाफदेहिताको संयन्त्रको विकास गरेको छ । नागरिकहरूमा जवाफदेहिताको संयन्त्रको बारेमा कत्तिको जानकारी छ भन्ने विवरणलाई चित्र २.५ मा प्रस्तुत गरिएको छ । विद्यालयमा हुने सामाजिक परीक्षणको वारेमा सबैभन्दा धेरै (३७%) नागरिकले जानकार र (१६%) सहभागी भएका थिए भने ५ प्रतिशत नागरिकलाई यसबारे थाहा नभएको बताएका थिए । उपभोक्ता समितिको बारेमा नागरिकसंग जानकारी बुझ्दा ३१ प्रतिशत नागरिक विभिन्न उपभोक्ता समितिमा सहभागी भएका र ३० प्रतिशत नागरिकलाई उपभोक्ता समिति बारे जानकारी रहेको पाइयो । परियोजनासंग सम्बन्धित कार्यक्रमहरूको बारेमा जानकारी हुनु भन्दा पनि धेरै (६०%) नागरिकले सुनेको र देखेको बताएका थिए भने ७ प्रतिशतले थाहा नभएको बताएका थिए । परियोजनासंग जोडिएका सामाजिक परीक्षणको बारेमा ३१ प्रतिशत नागरिकले देखेको/सुनेका बताएका थिए भने ११ प्रतिशत नागरिकका परिवारले त्यो सामाजिक परीक्षण भाग लिएका बताएका थिए । यसै क्रममा परियोजना सुरूहुनु अगाडि त्यस परियोजनाको सार्वजनिक सुनुवाईमा १२ प्रतिशत नागरिकले सहभागी हुने गरेको बताएका थिए भने २३ प्रतिशतले आफै सहभागी हुने गरेको र २८ प्रतिशतले त्यसबारे थाहा नभएको बताएका थिए ।

चित्र २.५: जवाफदेहिताको संयन्त्र (% मा, संख्या = २०३२)



२.६ सामाजिक सेवामा पहुँच

चित्र २.६ ले विभिन्न सामाजिक सेवामा नागरिकहरूको पहुँचको अवस्थालाई प्रस्तुत गरेको छ । सरकारले विभिन्न क्षेत्रहरूमा जनतालाई सहज होस् र कहिलेकाहीँ प्राकृतिक तथा अन्य राष्ट्रिय विपद् पर्दा खेरि विभिन्न खाले सेवामा पहुँचको हिसाबले सजिलो होस् भनेर धेरै कार्य गरेको देखिन्छ । यसै क्रममा नागरिकलाई प्रश्न गर्दा सामाजिक सुरक्षा प्रदान गर्ने सेवामा ६४ प्रतिशत नागरिक पूर्णरूपमा सहमत बताएका थिए भने नि:शुल्क विद्यालय शिक्षा सेवामा केही मात्रामा (३० %) सहमत थिए। त्यसैगरी बाढी/पहिरो/भूकम्प जस्ता अन्य विपद्पछिको सुरक्षा तथा सहयोगमा सरकारले सेवा उपलब्ध गर्नेमा २२ प्रतिशत नागरिक पूर्णरूपमा असहमत र केही मात्रामा (१५%) असहमत थिए । आधारभूत सेवा जस्तै स्वास्थमा ४९ प्रतिशत तथा खानेपानी/विद्युत सेवामा ४२ प्रतिशत नागरिक पूर्णरूपमा सहमत थिए भने यी सबै आधारभूत सेवाहरूमा पूर्णरूपले असहमत हुनेमा २३ प्रतिशत नागरिक रहेका थिए ।

चित्र २.६: सेवामा पहुँच (% मा, संख्या = २०३२)



२.७ सार्वजनिक स्थलमा हुने विभेद

चित्र २.७ ले विभिन्न ठाउँमा हुने विभेदको अवस्था देखाइएको छ । सबैभन्दा धेरै (६७%) नागरिकले महिला/केटीहरूमाथि परिवारमा विभेद विल्कुलै छैन भन्ने कुरा बताएका थिए। त्यसैगरी नागरिकहरूमाथि सरकारी कार्यालयमा (२६%) तथा सरकारी सार्वजनिक स्थानमा (२९%) त्यति धेरै

चित्र २.७: सार्वजनिक स्थलमा हुने विभेद (% मा, संख्या = २०३२)



विभेद नभएको बताएका थिए। महिला तथा वालवालिकालाई समाजमा विभेद विल्कुलै छैन भन्नेमा ४६ प्रतिशत नागरिक रहेका थिए। साथै यी सबै विभेदहरूको बारे जानकार तथा थाहा नभएको भन्ने नागरिकहरू ३२ प्रतिशत थिए भने यीमध्ये पनि नागरिकहरूमाथि प्रहरी कार्यलयमा हुने विभेद बारेकोमा जानकारी नभएको धेरै देखिएको थियो ।

२.८ सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार

यो सर्वेक्षणमा नागरिकहरूलाई बिगत ५ वर्षमा सार्वजनिक संस्थाहरूमा आएको व्यवहारको बारे सोधिएको थियो जसलाई चित्र २.८ मा देखाइएको छ ।सबैभन्दा धेरै (८०%) नागरिकले एक अर्कासंग गर्ने व्यवहारमा सुधार आएको बताएका थिए । त्यसैगरी स्थानीय प्रतिनिधिले नागरिकहरू प्रति गर्ने व्यवहारमा ७० प्रतिशत, सरकारी कर्मचारीहरूले नागरिकहरूप्रति गर्ने व्यवहारमा ६४ प्रतिशत, राजनीतिज्ञले नागरिकहरू प्रति गर्ने व्यवहारमा ६० प्रतिशत, प्रहरीले नागरिकमाथि गर्ने व्यवहारमा ६२ प्रतिशत नागरिकहरूले सुधार आएको बताएका थिए । अदालत (न्यायाधीश र कर्मचारी) ले नागरिकमाथि व्यवहारमा चै ५२ प्रतिशत नागिरकले सुधार महसूस गरेका थिए ।

चित्र २.८: सार्वजनिक संस्थाहरूको व्यवहारमा आएको सुधार (% मा, संख्या = २०३२)



२.९ नागरिक सुरक्षाको अनुभव

तालिका २.९ ले वितेका १२ महिनामा आँफै वा परिवारको सदस्यले अनुभव गरेको सुरक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । जम्मा नागरिकहरूमध्ये ९५ प्रतिशतले आँफूहरूले कहिल्यै पनि शारीरिक रूपमा दुर्व्यवहार अनुभव नगरेको बताएका थिए । त्यसैगरी कहिलेकाहीँ असुरक्षित महसूस गर्नेमा सबैभन्दा धेरै १३ प्रतिशतले आँफू बस्ने टोल छिमेकमा कुनै अपराध होला कि हभन्ने डर हुने बताएका थिए । आँफू बस्ने स्थानको वरिपरि एक्लै हिंडडुल गर्दा बारम्बार असुरक्षित महसूस गर्नेमा ८ प्रतिशत नागरिक रहेका थिए । बारम्बार र कहिलेकाहीँ असुरक्षित अनुभव गरेको भन्दा कहिल्यै पनि असुरक्षित अनुभव नगरेको नागरिकको प्रतिशत धेरै रहेको थियो ।

तालिका २.९: नागरिक सुरक्षा अनुभव (% मा, संख्या = २०३२)

सुरक्षाको अनुभव	बारम्बार गरेको छु	कहिलेकाहीँ गरेको छु	कहिल्यै पनि छैन	थाहा छैन/ भन्न सक्दिन
तपाई बस्ने स्थानको वरिपरि एक्लै हिंडडुल गर्दा असुरक्षित महसूस गरेको	८	११	८१	०.६
आफ्नो टोल छिमेकमा कुनै अपराध होला कि भन्ने डर लागेको	४	१३	८२	०.६
उजुरी गरेको अवस्थामा न्यायिक उपचार नपाएको	२	६	८८	४
मौखिक) दुर्व्यवहार (शाव्दिक र सांकेतिक समेत) भएको महसूस गरेको	२	९	८८	०.८
शारीरिक रूपमा दुर्व्यवहार गरिएको	०.७	३	९५	०.७

परिच्छेद
३

शासकीय प्रणालीको पूर्वाधार

३.१ मतदानमा सहभागिता

तालिका ३.१ ले प्रतिनिधि सभा र प्रदेश सभाको चुनावको मतदानमा नागरिकहरूको सहभागिताको अवस्थालाई देखाएको छ । तालिका अनुसार ९३ प्रतिशतले मतदान गरेको बताएका थिए भने मतदान नगर्ने ७ प्रतिशत रहेका थिए । त्यसैगरी बागमती प्रदेशको नगरपलिकाबाट मतदान गर्नेमा धेरै (९३%) नागरिकहरू थिए । लिङ्गको आधारमा पुरूष नागरिकभन्दा महिला नागरिक सहभागिता धेरै (९३.%) रहेको थियो भने उमेर समूहको आधारमा ४०-५९ उमेरका नागरिकले अरूभन्दा मतदानमा धेरै (९५%) सहभागी थिए । शिक्षाको आधारमा हेर्दा निरक्षर र पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका नागरिकले मतदानमा बढी (९५%) सहभागिता जनाएका थिए जुन उच्च, माध्यमिक र आधारभूत शिक्षा लिएको नागरिक भन्दा कम रहेको थियो । तराई जातका नागरिकहरूले शत प्रतिशत मतदान गरेका थिए भने सबैभन्दा कम (८३%) तराईका जनजाति नागरिकले मतदान गरेका थिए । पेशाको आधारमा सबैभन्दा धेरै (९६%) मतदानमा सहभागी हुनेमा व्यापारीहरू रहेका थिए भने अन्य पेशामा लागेकाहरूले कम मात्रामा मतदानमा सहभागी भएको बताएका थिए । गरीव स्तरका नागरिकहरू मतदानमा अरूस्तरकाभन्दा धेरै (९४%) सहभागी भएको बताइएको थियो भने मतदान नगर्नेहरूमा सबैभन्दा कम (१७%) धनी स्तरका रहेका थिए (अनुसूचीः तालिका २) ।

३.२ चुनावको गुणस्तर

तलको चित्र ३.२ ले चुनावको गुणस्तरीयता बारे देखाएको छ जस अनुसार चुनावको बारेमा सरकार/राजनीतिक दलले मतदातालाई चाहिने शिक्षा उपलब्ध गराएको भन्नेमा सबैभन्दा धेरै (४६%) नागरिकहरूले पूर्ण सहमत र २६ प्रतिशत नागरिकले केही मात्रामा सहमत रहेको बताएका थिए । त्यसैगरी आँफूले चाहेको उम्मेदवार छान्नलाई अवरोध नभएको भन्नेमा सबैभन्दा धेरै (८०%) पूर्णरूपमा सहमत रहेको र ०.९ प्रतिशत पूर्णरूपमा असहमत रहेको बताएका थिए । जसरी उम्मेदवार छान्न धेरै अवरोध नभएको थियो त्यसरी नै ६८ प्रतिशत नागरिकले मतपत्र बुझ्न सजिलो भएको बताएका थिए । ५३ प्रतिशत नागरिकले संचार माध्यमले सबै उम्मेदवारको निष्पक्ष सूचना प्रदान गरेकोमा पूर्ण सहमत रहेको उल्लेख गरेका थिए भने ४ प्रतिशतले विल्कुलै असहमत जनाएका थिए । चुनावको गुणस्तरीयता मापन गर्ने महत्वपूर्ण सूचकहरूमध्ये मत गणना एउटा हो र यो बारे प्रश्न गर्दा सबैभन्दा धेरै नागरिक (६४%) ले पूर्ण सहमत जनाएका थिए भने २४

प्रतिशतले केही मात्रामा सहमत र २ प्रतिशत नागरिकले पूर्ण रूपमा असहमत जनाएका थिए । मतदानको समयमा मतदान गर्ने सुविधाहरू सहज गरिएको कुरामा सबैभन्दा धेरै (७६%) नागरिक सहमत थिए भने २३ प्रतिशतले केही मात्रामा सहमति र ३ प्रतिशत नागरिकले पूर्ण रूपमा असहमत जनाएका थिए । यी सबै आँकडाले के जनाउँछ भने चुनावको गुणस्तरीयता धेरै नै राम्रो भएको र यसमा नागरिकहरू पूर्णरूपमा सहमत भएका देखिन्छन् ।

चित्र ३.२: चुनाबको गुणस्तरीयता (% मा, संख्या = २०३२)



३.३ संविधानको बारेमा जनकारी

यो सर्वेक्षणमा बागमती प्रदेशका नागरिकहरूलाई संविधानको बारेमा कत्तिको सुन्नु भएको छ भनि सोधिएको थियो । कुल नागरिकमध्ये सबैभन्दा धेरै (६४%) नागरिकले संविधान बारे सुनेको भनेका थिए भने (३६%) नागरिकले संविधान बारे नसुनेको बताएका थिए । सुनेका नागरिकमा नगरपालिकाका नागरिक धेरै (६७%) थिए भने गाउँपालिकाका तुलनात्मक रूपमा कम थिए । लिङ्गको आधारमा पुरूष नागरिकहरूले महिला भन्दा १६ प्रतिशतले बढी संविधानको बारेमा सुनेको बताए । त्यसैगरी २५-३९ उमेर समूहका नागरिकहरूले अरू उमेर समूहभन्दा धेरै (७५%) ले संविधानको बारेमा सुनेको बताए भने सबैभन्दा थोरै (४१%) थिए । शत प्रतिशत तराई जातका

नागरिकहरूले संविधानको बारेमा सुनेको उल्लेख गरेका थिए भने सबैभन्दा कम सुनेकोमा ५७ प्रतिशत पहाडे जनजाति रहेका थिए । पेशाको अनुसार सबैभन्दा धेरै (८९%) संविधानको बारेमा सुनेको सेवा क्षेत्रका नागरिकहरू थिए भने कृषि पेशामा भएकाले अरू पेशा भन्दा सबैभन्दा थोरै (५६%) संविधानको बारेमा सुनेको बताएका थिए । आर्थिक अवस्थाको आधारमा ८७ प्रतिशत धनी र ७२ प्रतिशत मध्यम वर्गका नागरिकले संविधानको बारे सुनेको बताएका थिए भने सबैभन्दा थोरै (४२%) गरीव स्तरकाले संविधानको बारेमा सुनेको बताए (अनुसूचीः तालिका ३) ।

३.४ राज्य शक्तिको बाँडफाँडबारे जानकारी

चित्र ३.४ ले तीन तहका सरकारमा राज्य शक्तिको वाँडफाँडको वारेमा नागरिकहरूको धारणालाई प्रस्तुत गरेको छ । सरकारका काम तीन तहमा बाँडिएका थिए भन्ने कुरामा ४२ प्रतिशत नागरिक पूर्णरूपमा र केही मात्रामा जानकार रहेको बताएका थिए । ४८ प्रतिशत नागरिकले सबै जातजातिका व्यक्तिहरूलाई राज्यमा समान अधिकार छ भन्ने कुरामा, ४५ प्रतिशत नागरिकले राजनैतिक दल तथा निर्वाचनमा समावेशीकरण गरिएकोमा, ३७ प्रतिशत नागरिकहरू आफ्नो क्षेत्रको विकास निर्माणको निर्णयहरूमा संलग्न हुन सक्छन् र स्थानीय सरकारलाई आफ्नो शासन चलाउन भन्नेमा, ३५ प्रतिशत नागरिकले कानून बनाउने र न्यायदिने जिम्मेवारी र अधिकार दिएकोमा पूर्णरूपमा जानकार रहेको बताएका थिए ।

चित्र ३.४ः राज्य शक्तिको बाँडफाँडबारे जानकारी (% मा, संख्या = २०३२)



३.५ विकासका प्राथमिकता

यो सर्वेक्षणमा नागरिकहरूलाई अबको ५ वर्षमा स्थानीय तथा प्रदेश सरकारले कुन कुन विकासको क्षेत्रलाई प्राथमिकतमा राख्नु पर्छ भनेर सोधिएको थियो । चित्र ३.५ मा विकासको प्राथमिकता बारे देखाएको छ । जम्मा नागरिकमा सबैभन्दा धेरै (४०%) नागरिकले सडक निर्माण गर्नु पर्नेलाई पहिलो प्राथमिकता राख्नु पर्छ भनेका थिए । सडक निर्माणपछि २७ प्रतिशत नागरिकले खानेपानी वितरणलाई जोड दिनु पर्ने कुरा बताएका थिए । त्यसैगरी १३ प्रतिशत नागरिकले रोजगारी सृजनामा, १२ प्रतिशतले स्वास्थ सुधारमा, ९ प्रतिशत नागरिकहरूले शिक्षामा सुधार र जलविद्युत विकास जस्ता कार्यलाई प्राथमिकता राख्नु पर्ने बताएका थिए ।

चित्र ३.५: विकासको प्राथमिकता (% मा, संख्या = २०३२)



३.६ स्थानीय सरकारको कार्यसम्पादन

तालिका ३.६ ले स्थानीय सरकारको कार्यसम्पादन अवस्थालाई देखाइएको छ । कुल नागरिकमा स्थानीय सरकारले सामाजिक सुरक्षाको सुधार गर्ने भन्ने कुरामा केही मात्रामा विश्वस्त हुनेमा सबैभन्दा धेरै (६७%) नागरिक रहेको थिए भने १८ प्रतिशत नागरिकले सरकारले सामाजिक समावेशीलाई प्रवर्द्धन गर्ने कुरामा पूर्ण विश्वास रहेका बताएका थिए । त्यसैगरी १४ प्रतिशत नागरिकले स्थानीय सरकारले जनताको अधिकार संरक्षण गर्ने कुरामा विश्वस्त नभएका बताएका थिए । साथ-साथै यी सबै कुराहरूमा, थाहा नभएको/भन्न नचाहनेहरूको प्रतिशत पूर्ण रूपले र केही मात्रामा विश्वस्त छु भन्ने भन्दा कम देखिएको छ ।

तालिका ३.६: स्थानीय सरकारको कार्यसम्पादन (%)

स्थानीय सरकारको कार्यसम्पादन	पूर्ण विश्वस्त छु	केही मात्रामा विश्वस्त छु ।	विश्वस्त छैन	थाहा छैन/ भन्न चाहन्न
स्थानीय सरकारले योजना निर्माण तथा विकास निर्माण प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्नेथिए ।	१७	६५	१४	४
स्थानीय सरकारले जनताको अधिकारको संरक्षण गर्नेथिए ।	१७	६४	१४	५
स्थानीय सरकारले सार्वजनिक सेवाको सुधार गर्ने थिए ।	१७	६७	१२	४
स्थानीय सरकारले सामाजिक समावेशीतालाई प्रर्वद्धन गर्ने थिए ।	१८	६४	१२	६

३.७ स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार

यो सर्वेक्षणले स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधारमा नागरिकहरूको धारणा देखाएको छ । जम्मा नागरिकमध्ये सबैभन्दा धेरै (७८%) ले केही सुधार गर्ने बताएका थिए भने उल्लेख्य सुधार गर्ने थिए भन्नेमा कम (७%) नागरिक रहेका थिए । ९ प्रतिशत नागरिकले केही पनि सुधार गर्ने छैनन् भनेका थिए भने ५.३ प्रतिशतले यस बारे केही थाहा नभएको/भन्न नचाहेको र अझ विग्रिने छ भन्नेमा २% नागरिक रहेका थिए । ७७ प्रतिशत गाउँपालिकाका नागरिकले केही सुधार गर्ने थिए भनेका छन् भने ६ प्रतिशत नगरपालिकाका नागरिकले सुधार गर्ने थिए भन्ने उल्लेख गरेका छन् । लिङ्गको आधारमा हेर्नु पर्दा ८० प्रतिशत पुरूषले केही सुधार गर्ने थिए भनेका थिए भने १ प्रतिशत महिला नागरिकले अझ बिग्रिने छ भनेको देखिन्छ । त्यसैगरी तथ्याङ्क अनुसार माध्यमिक शिक्षा हासिल गरेका ८४ प्रतिशत नागरिकले केही सुधार गर्ने बताएका छन् भने उच्च शिक्षा हासिल गरेका १२ प्रतिशत नागरिकले केही पनि सुधार गर्ने छैनन् भनेका छन् । १८-२४ वर्षका उमेर समूहका ८३ प्रतिशत नागरिकले केही सुधार गर्ने बताएका छन् । जातीयताको आधारमा सबैभन्दा धेरै (७९%) पहाडे ब्राह्मण/संन्यासी नागरिकले केही सुधार गर्ने थिए भनेका छन् भने १४ प्रतिशत तराई जनजातिले उल्लेखनीय सुधार गर्ने थिए भनेका छन् । ८३ प्रतिशत नागरिक जो सेवाको पेशामा थिए उनीहरूले केही सुधार गर्ने बताएका छन् भने १३ प्रतिशत जो वेरोजगार थिए उनीहरूले केही पनि सुधार गर्ने छैनन् भनेका छन् ।आर्थिक अवस्थाको आधारमा दुवै धनी तथा मध्यम स्तरका ७८ प्रतिशत र गरीव स्तरका ७३ प्रतिशतले केही सुधार गर्ने थिए भनेका छन् (अनुसूचीः तालिका ४) ।

३.८ राजनीतिक दलका क्रियाकलाप बारे जानकारी

नागरिकहरूलाई राजनीतिक दलका क्रियाकलापबारे जानकारी भए वा नभएको बारेमा सोधिएको थियो जसमा जम्मा नागरिकबाट सबैभन्दा धेरै (५०%) ले जानकारी भएको, ४८% ले जानकारी नभएको र २% ले थाहा नभएको बताएका छन् । त्यसैगरी गाउँपालिकामा बस्ने (५३%) नागरिकलाई नगरपालिकामा बस्ने नागरिकहरू भन्दा धेरै राजनैतिक दलका क्रियाकलापको वारेमा जानकारी भएको बताएका छन् । महिला भन्दा करिव २३% बढी पुरूषहरूलाई राजनीतिक दलका क्रियाकलापबारे जानकारी भएको बताएका छन् । उमेर समूह अनुसार सबभन्दा बढी १८-२४ उमेर समूहका ५६ प्रतिशत र सबभन्दा कम ६० र सोभन्दा माथिका ३९ प्रतिशत नागरिकले जानकारी भएको बताएका छन् । शिक्षाको स्तर बढ्दै जाँदा राजनीतिक दलको क्रियाकलापको जानकारी पनि बढ्दै गएको देखिन्छ । सबभन्दा कम (३३%) निरक्षर र सबभन्दा बढी (८१%) उच्च शिक्षा प्राप्त भएको जनताहरूलाई यसको जानकारी भएको बताएका छन् । पेशा अनुसार सबभन्दा बढी सेवा क्षेत्रमा (६९%) संलग्न र सबैभन्दा कम (४०%) घरायसी काम गर्ने नागरिकलाई जानकारी रहेको भनेका छन् । आर्थिक स्तर बढ्दै जाँदा राजनीतिक दलको क्रियाकलापमा ज्ञान बढदै गएको देखिएको छ जसमा धनी (६५%), मध्यम स्तरका (५४%) र गरीव स्तरका (३८%) ले यसबारे जानकारी भएको बताएका छन् (अनुसूचीः तालिका ५) ।

३.९ राजनीतिक दलप्रति विश्वास

चित्र ३.९ ले राजनीतिक दलप्रति विश्वासको अवस्थालाई देखाइएको छ । सबभन्दा बढी (६६%) नागरिकले विकास निर्माण कार्यमा केही मात्रामा विश्वस्त भएको बताएका छन् । त्यसैगरी २१ प्रतिशत नागरिकले तीन तहको (संघीय) सरकारको संरचनाको कार्यान्वयन हुनेमा विश्वस्त रहेको उल्लेख गरेका छन् भने १७ प्रतिशत नागरिकले सोही विकास निर्माण कार्यमा विल्कुलै विश्वस्त नरहेको बताएका छन् । १६ प्रतिशत नागरिकले सार्वजनिक सेवामा सुधार, १३ प्रतिशत नागरिकले कानूनको पालना, १९ प्रतिशतले देशमा समावेशी संस्कृतिको प्रवर्द्धन र ६ प्रतिशत नागरिकले भ्रष्टाचार नियन्त्रण हुने कुरामा पूर्ण रूपमा विश्वस्त भएको कुरा बताएका छन् ।

चित्र ३.९: राजनीतिक दलप्रति विश्वास (% मा, संख्या = २०३२)



३.१० राजनीतिक दलले उम्मेदवार छनौट गर्ने प्रक्रिया

चित्र ३.१० ले राजनीतिक दलको उम्मेदवारको छनौटको अवस्थालाई देखाइएको छ । सबभन्दा बढी (२६%) नागरिकले उम्मेदवारको छनौट पहिलेको कार्य सम्पादनका आधारमा र सबभन्दा कम (३%) अन्य आधारमा हुने गरेका बताएका छन् । त्यसैगरी २४ प्रतिशत नागरिकले ठूला नेताको पारिवारिक नाता र सम्बन्धको आधारमा, स्थानीय समितिहरूको सुझावको आधारमा १६ प्रतिशत, पार्टीमा वरिष्ठताको आधारमा १३ प्रतिशत, पार्टीलाई चन्दा दिएको आधारमा ११ प्रतिशत नागरिकले राजनैतिक दलको उम्मेदवारको छनौट हुने बताएको देखिन्छ भने ७ प्रतिशत नागरिकलाई यस बारे थाहा नरहेको देखिन्छ ।

चित्र ३.१०: राजनीतिक दलले उम्मेदवार छनौट गर्ने प्रक्रिया (% मा, संख्या = २०३२)



३.११ नागरिक चासोका विषयहरूमा सरकारले दिने सूचनाको अवस्था

यो सर्वेक्षणमा नागरिक चासोका विषयहरूमा सञ्चारको अवस्थालाई पनि देखाइएको छ । जम्मा नागरिकमध्ये सबैभन्दा धेरै (४८%) नागरिकले नागरिक चासोका विषयहरूमा सरकारले कहिलेकाहीं संचार गरेको बताएका थिए भने ९% ले कहिल्यै पनि जानकारी नगराएको बताएका थिए । सरकारले नियमित रूपमा नागरिक चासोको विषयलाई जानकारी गराएको छ भन्नेमा ४८ प्रतिशत नागरिक छन् भने विरलै गराउने भन्नेमा १४ प्रतिशत रहेका छन् । गाउँपालिकामा बस्ने भन्दा ६% बढी नगरपालिकामा बस्ने नागरिकहरूले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा र ३% ले कहिलेकाहीँ संचार गराउने बताएका छन् । महिलाको भन्दा ३% बढी पुरूषहरूले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा संचार गराउने र पुरूषको भन्दा ४% बढी महिलाहरूले कहिलेकाहीँ संचार गराउने बताएका छन् । उमेर समूह अनुसार २५-३९ उमेरका नागरिकले सबभन्दा बढी (२३%) नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा जानकारी गराएको र त्यही उमेर समूहका नागरिक सबभन्दा धेरै (१६%) ले सरकारले विरलै जानकारी गराएको बताएका छन् । शिक्षाको स्तर बढ्दे जाँदा सरकारले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा र कहिलेकाहीँ संचार गराउने बताउनेको प्रतिशत बढ्दै गएको देखिन्छ । सबभन्दा कम निरक्षर (२०%) र सबभन्दा बढी आधारभूत शिक्षा (२६%) प्राप्त गरेका नागरिकले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा र कहिलेकाही संचार गराउँछ बताएका छन् । जातीयताको आधारमा सबभन्दा बढी (३१%) तराई जनजाति र सबभन्दा कम (१७%) दलित नागरिकले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा र कहिलेकाही संचार गराएका बताएका छन् । पेशाको आधारमा सबभन्दा बढी (३०%) व्यापार र सबभन्दा कम वेरोजगार र घरायसी काम गर्ने नागरिकले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा जानकार गरेको भनेका थिए । त्यसैगरी, आर्थिक अवस्थाको स्तरमा सबभन्दा बढी (४४%) धनी स्तरका र सवभन्दा कम (१९%) गरीव स्तरका नागरिकले नागरिक चासोका विषयहरूमा सरकारले नियमित रूपमा संचार गराउँछ भन्ने बताएका छन् (अनुसूचीः तालिका ६) ।

३.१२ सरकारले दिएको सूचनाको स्पष्टता

माथिल्लो परिच्छेद्ले नागरिक चासोको विषयहरूमा सरकारको संचार अवस्था देखाएको छ भने तल उल्लेखित चित्र ३.१२ ले सरकारले प्रदान गरेको सूचना नागरिकले कसरी बुझेका थिए भन्ने देखाएको छ । चित्रको अनुसार, सबैभन्दा धेरै (५०%) नागरिकले सरकारले दिएको सूचना केही मात्रामा बुझेको बताएका थिए भने ४५% नागरिकले स्पष्ट रूपमा बुझेको र ५% ले केही पनि नबुझेको बताएका थिए ।

चित्र ३.१२: सरकारले दिएको सूचना बुझ्ने (% मा, संख्या = २०३२)



३.१३ आधारभूत सामाजिक सुरक्षाको बारेमा जानकारी

चित्र ३.१३ ले आधारभूत सामाजिक सुरक्षाको अवस्थालाई प्रस्तुत गरिएको छ । सबभन्दा बढी (८३%) नागरिकले अपाङ्गता भत्ताको बारेमा सुनेको तर त्यो सुविधा लिन योग्य नभएको बताएको देखिन्छ । त्यसैगरी ६१ प्रतिशत नागरिकले निःशुल्क औषधी र स्वास्थ्य सुविधा लिएको कुरा बताएका छन् । तथ्याङ्क अनुसार ४८ प्रतिशत नागरिकले स्वास्थ्य वीमाको बारेमा सुनेको तर सुविधा नलिएको कुरा बताएका छन् । महिलाहरूलाई जग्गा दर्ता शुल्कमा छुट हुने कुरा सुनेको तर सुविधा लिएको छैन भन्ने नागरिकको प्रतिशत ३७ रहेको छ । त्यसैगरी छात्राहरूको लागि सामुदायिक विद्यालयमा छात्रवृत्ति हुन्छ तर त्यसको लागि अयोग्य भएको भन्ने नागरिकहरू ४० प्रतिशत रहेका छन् । त्यसरी नै दलित र सीमान्तकृत विद्यार्थीको लागि सामुदायिक विद्यालयमा छात्रवृत्ति हुन्छ तर त्यसको लागि अयोग्य भएको भन्ने नागरिक ६८ प्रतिशत रहेका छन् । बालबालिकाको लागि निःशुल्क आधारभूत र माध्यमिक शिक्षाको बारेमा (३४%), बेरोजगारी भत्ताको बारेमा (२६%), विधवा/एकल महिला भत्ताको बारेमा (१०%), भौगोलिक र सीमान्तकृत समुदाय सदस्य भत्ताको बारेमा (१२%) र जेष्ठ नागरिक भत्ताको बारेमा (११%) नागरिकहरूले सुनेका छन् तर सुविधा नलिएको बताएका छन् ।

चित्र ३.१३: आधारभूत सामाजिक सुरक्षाको बारेमा जानकारी (% मा, संख्या = २०३२)



३.१४ सार्वजनिक सुरक्षाको अवस्थामा सुधार

चित्र ३.१४ ले सार्वजनिक सुरक्षा सुधारको अवस्थालाई प्रस्तुत गरेको छ । तथ्याङ्क अनुसार कुल नागरिकमध्ये सबैभन्दा बढी (८५%) नागरिकले वृद्ध/अपाङ्ग/विधवा आदिका लागि सरकारी कल्याण योजना/सामाजिक सुरक्षामा सुधार आएको बताएका छन् । त्यसैगरी ६८ प्रतिशत नागरिकले आफ्नै जीवनको सुरक्षाको अनुभूति, ६२ प्रतिशत नागरिकले निजी सम्पत्तिको सुरक्षाको अनुभूति, ६१ प्रतिशत नागरिकले पहिरो/बाढी र विपद्बाट संरक्षण, ६० प्रतिशत नागरिकले उपभोक्ताको अधिकारको अवस्था र ५४ प्रतिशत नागरिकले खाद्य सुरक्षामा सुधार आएको बताएका छन् ।

चित्र ३.१४: सार्वजनिक सुरक्षामा अवस्थाको सुधार (% मा, संख्या = २०३२)



३.१५ सहयोगका लागि प्राथमिकता

चित्र ३.१५ ले नागरिकलाई आपद्-विपद् परेको बेलामा कसलाई प्राथमिकता दिने भन्ने कुरालाई प्रस्तुत गरिएको छ । सबभन्दा बढी (८५%) नागरिकले आपद्-विपद् परेको बेलामा टोल/छिमेक/साथीहरूलाई पहिलो प्राथमिकतामा राखेको बताएका थिए । त्यसैगरी, ३ प्रतिशत नागरिकले स्थानीय निर्वाचित प्रतिनिधि, ६ प्रतिशत नागरिकले प्रहरी, २ प्रतिशत नागरिकले सरकारी कर्मचारी/कार्यालय र स्थानीय/सामुदायिक अगुवाहरूलाई आपद्-विपद् परेको बेलामा पहिलो प्राथमिकतामा राखेको बताएका थिए । दोस्रो प्राथमिकतामा सबभन्दा बढी (६०%) नागरिकहरूले प्रहरीलाई राखेका थिए ।

चित्र ३.१५: सहयोगको लागि प्राथमिकता (% मा, संख्या = २०३२)



परिच्छेद
४

सार्वजनिक सेवा-प्रवाह

यस परिच्छेद्ले बागमती प्रदेशको सार्वजनिक सेवा प्रवाहको वातावरण सम्बन्धीको धारणा र अनुभवको बारेमा बताएको छ । उत्तरदाताहरूले सेवा प्राप्त गर्न कस्तो प्रकारको सहयोग लिए, चाहेको सेवा लिन कति पटक प्रयास गर्नु पर्यो, सेवाशुल्क वा अन्य शुल्क हरू तिर्नु पर्यो कि परेन, सेवा प्रदायकहरूको व्यवहार, सेवा प्रवाहको वातावरण र उनीहरूको सन्तुष्टी कस्तो रह्यो भनेर सोधिएको थियो ।

४.१ सेवा लिनको लागि गरिएका प्रयास

तालिका ४.१ ले गएका दुई वर्षभित्रमा नागरिकले आँफूले चाहेको सेवा लिन कति पटक सरकारी कार्यालय गई प्रयास गर्नु पर्यो भन्ने कुरालाई प्रस्तुत गरिएको छ । सर्वेक्षण अनुसार समग्रमा बागमती प्रदेशमा झण्डै ७१ प्रतिशत नागरिकले पहिलो प्रयासमा आँफूले चाहेको सेवा प्राप्त गरेको देखिन्छ भने २२ प्रतिशत नागरिकले सेवा लिनको लागि दोश्रो पटक र ७ प्रतिशत नागरिकले सेवा लिनको लागि तेश्रो पटक प्रयास गर्नुपरेको बताएका छन् । पहिलो प्रयासमा सेवा प्राप्त गर्ने नागरिकहरू नगरपालिकामा भन्दा गाउँपालिकामा ८ प्रतिशतले धेरै देखिन्छ । पुरूष नागरिक (७०%) भन्दा झण्डै ३ प्रतिशतले बढी (७२%) महिला नागरिकहरूले पहिलो प्रयासमा आफूँले चाहेको सेवा प्राप्त गरेको बताएका छन् । पहिलो प्रयासमै सेवा प्राप्त गर्ने उमेर समूहमा साठी र सो भन्दामाथि उमेर समूहका नागरिकहरू धेरै छन् जुन ७६ प्रतिशत हो जबकी १८-२४ उमेर समूहका ७३.८ प्रतिशत र २५-३९ उमेर समूहका ६८ प्रतिशत नागरिकहरूले मात्र पहिलो प्रयासमा सेवा प्राप्त गरेका बताएका छन् । उच्चशिक्षा प्राप्त गरेका (६३%) भन्दा निरक्षर (७४%) र पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका (७५%) नागरिकहरूले पहिलो प्रयास मै चाहेको सेवा प्राप्त गरेको बताएका छन् । उच्चशिक्षा प्राप्त गरेका भन्दा १० प्रतिशत बढी निरक्षर र १२ प्रतिशत बढी पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका नागरिकहरूले पहिलो प्रयासमै चाहेको सेवा प्राप्त गरेका बताएका छन् । जातको आधारमा पहिलो प्रयासमा सेवा प्राप्त गर्ने सबैभन्दा धेरै (७५%) पहाडे क्षेत्री/ठकुरीहरू देखिन्छ भने सबैभन्दा कम (५०%) तराई जातका नागरिकहरू छन् जुन २५% ले कम रहेको छ। पेशागत रूपमा पहिलो प्रयासमा सेवा प्राप्त गर्नेमा बेरोजगारहरूको प्रतिशत धेरै (७८%) छ भने सबैभन्दा कम (६३%) प्रतिशत ज्यालादारी काम गर्ने मजदुर नागरिकहरू रहेका छन् । आर्थिक अवस्था रामो भएका धनी मान्छेहरू (७१%) भन्दा आर्थिक अवस्था कमजोर भएका गरीव नागरिक (७६%) ले पहिलो प्रयासमा नै सेवा प्राप्त गरेको बताएका छन् (अनुसूची: तालिका ८) ।

४.२ सार्वजनिक सेवा वापत तिरेको शुल्क

यो सर्वेक्षणमा बितेका दुई वर्षमा सेवा प्राप्त गर्दा नागरिक तथा तिनका परिवारका सदस्यहरूले कुनै सेवाशुल्क तिरेका थिए कि थिएनन् र तिरेका भए तिनीहरूको रसिद प्राप्त गरे वा गरेनन् भनेर सोधिएको थियो । समग्रमा बागमती प्रदेशमा झण्डै दुई तिहाई नागरिक (६७%) ले सेवा प्राप्त गर्न सेवा शुल्क तिरेको छन् जसमध्ये ६० प्रतिशतले शुल्क तिरेको रसिद प्राप्त गरेका छन् भने ६ प्रतिशतले शुल्क तिरेको रसिद प्राप्त गरेका छैनन् । तर झण्डै एक तिहाई नागरिक (३३%) ले सेवा शुल्क नतिरी सेवा प्राप्त गरेका बताएका छन् । शुल्क तिरेर सेवा लिनेहरूमा सबैभन्दा धेरै तराई समुदाएका रहेका छन् जसको अनुपात १०० प्रतिशत छ र त्यसपछि पहाडे ब्राह्मण जाति रहेका छन् जसको अनुपात ७७ प्रतिशत रहेको तर निःशुल्क सेवा प्राप्त गर्नेहरूमा दलितहरू धेरै छन् जसको अनुपात ४० प्रतिशत रहेको छ । सेवा शुल्क तिरेर सेवा लिनेहरूमा सबैभन्दा धेरै आर्थिक अवस्था राम्रो भएका धनी उत्तरदाताहरू रहेका छन् जसको अनुपात (७६%) रहेको छ भने निःशुल्क सेवा प्राप्त गर्नेहरूमा आर्थिक अवस्था कमजोर रहेका गरीबहरू रहेका छन् जसको अनुपात (४५%) रहेको छ । सेवा शुल्क तिरेर सेवा लिनेमा माध्यमिक शिक्षा प्राप्त गरेका नागरिकहरू धेरै थिए जुन ७६ प्रतिशत रहेको छ जसमध्ये रसिद प्राप्त गर्नेहरू ६७ प्रतिशत र रसिद प्राप्त नगर्नेहरू ८ रहेका छन् । तथ्याङ्क अनुसार उच्चशिक्षा प्राप्त गरेका शिक्षितहरू भन्दा १३ प्रतिशत निःशुल्क सेवा प्राप्त गर्ने नागरिकहरूको संख्या धेरै रहेको छ । शुल्क तिरेर सेवा लिनेहरूमा सबैभन्दा धेरै व्यापार गर्ने नागरिकहरू रहेका छन् जसको अनुपात ७३ प्रतिशत छ जसमध्ये रसिद प्राप्त गर्नेको अनुपात ६४ प्रतिशत रहेको छ भने रसिद प्राप्त नगर्नेमा १० प्रतिशत रहेका छन् । निःशुल्क सेवा प्राप्त गर्नेहरूमा घरायसी काम गर्नेहरूको अनुपात धेरै रहेको छ जुन ४०.६% रहेका छ । शुल्क तिरेर सेवा लिनेहरूमा पुरूष नागरिक (६९%) महिला नागरिक (६४%) को तुलनामा ३.५ प्रतिशतले धेरै थिए तर निःशुल्क सेवा लिनेहरूमा महिला नागरिकहरू (३५%) भन्दा पुरूष (३१%) को तुलनामा ३.७ प्रतिशतले धेरै रहेका छन् । गाउँपलिकाको तुलनामा नगरपालिकामा सेवा शुल्क तिरेर सेवा लिने नागरिकहरू धेरै रहेका छन् । नगरपालिकामा सेवा शुल्क तिरेर रसिद पाउनेमा ६४ प्रतिशत र रसिद नपाउनेमा ७ प्रतिशत नागरिक छन् भने गाउँपालिकामा सेवा शुल्क तिरेर रसिद पाउनेमा ५४ प्रतिशत र रसिद नपाउनेमा ६ प्रतिशत नागरिक रहेका छन् । तर सेवा शुल्क नतिरी सेवा पाउने नागरिकमा गाउँपालिका (४०%) को तुलनामा नगरपालिकाका (२८%) मा थोरै रहेका छन् । निःशुल्क सेवालिनेहरूमा ६० र सोभन्दा माथि उमेर समूहका धेरै (४३%) छन् भने शुल्क तिरेर सेवा लिनेमा सबैभन्दा बढी १८-२४ उमेर समूहका नागरिक ७२.४ प्रतिशत रहेका छन् (अनुसूचीः तालिका ७) ।

४.३ सेवा प्रदायकको व्यवहार

चित्र ४.३ ले बिगत दुई वर्षमा सेवा लिने नागरिकहरूले सरकारी कर्मचारीहरूको व्यवहारसंग कत्तिको सहमत थिए भनेर बताएको छ । तथ्याङ्क अनुसार झण्डै दुई-तिहाई नागरिकहरू

(७३%) ले सरकारी कर्मचारीले सेवाको बारेमा स्पष्ट सूचना दिएको; नम्र भाषा प्रयोग गरेका; सरकारी कर्मचारीले नागरिकका कुराहरू राम्रोसंग सुनेका/बुझेका बताएका छन् । त्यसैगरी सरकारी कर्मचारीले नियमको पालना गरेका छन् भन्नेमा ६६ प्रतिशत नागरिकहरू सहमत (पूर्ण र केही मात्रामा सहमत) छन् भने झण्डै एक तिहाई नागरिकहरू असहमत रहेका छन् । त्यसैगरी सरकारी कर्मचारीले समयमा सेवा उपलब्ध गराउँदथे भन्नेमा नागरिकहरूको मिश्रित उत्तर प्राप्त भएको छ जसमध्ये पूर्ण असहमत हुनेमा २० प्रतिशत र पूर्ण सहमत हुनेमा १८ प्रतिशत नागरिक रहेका छन् । साथसाथै सरकारी कर्मचारीले मित्रभाव/मिलनसार व्यवहार गर्छन् भन्नेमा नागरिकहरू सकारात्मक नै रहेका थिए जसमा ६० प्रतिशत नागरिकहरू सहमत (पूर्ण र केही मात्रामा सहमत) रहेका छन् भने १४ प्रतिशतले मात्र पूर्ण असहमत भएको बताएका छन् । यसैमा सरकारी कर्मचारीले केही पनि झन्झट/समस्या दिदैनन् भन्नेमा ५५ प्रतिशत नागरिकहरू असहमत (केही मात्रामा र पूर्ण असहमत) रहेका छन् जसमा २७ प्रतिशत पूर्ण असहमत रहेका छन् ।

चित्र ४.३: सेवा प्रदायकहरूको व्यवहार (% मा, संख्या = २०३२)



४.४ सार्वजनिक सेवा लिंदाको अवरोध

चित्र ४.४ ले बिगत दुई बर्षमा सेवा लिने नागरिकहरूले सेवा प्राप्त गर्ने क्रममा के कस्ता अवरोध वा समस्या हरूको सामना गर्नु पर्यो बारे देखाएको छ । तथ्याङ्क अनुसार सेवा लिने क्रममा ८३ प्रतिशत नागरिकहरूले अनुभव गरेको सबैभन्दा ठूलो अवरोध आफ्नो वा चिनेको मान्छे नहुनुलाई बताएका छन् जसमा पूर्ण सहमत हुने ५१ प्रतिशत र केही मात्रामा सहमत हुनेहरूमा ३२ प्रतिशत रहेका छन् । त्यसैगरी सार्वजनिक सेवा लिंदा सरकारी कर्मचारीले गर्ने व्यवहारले गर्दा अवरोध आउनेमा ४० प्रतिशत नागरिकहरूले केही मात्रामा सहमत भएका बताएका छन् भने १४ प्रतिशतले पूर्ण रूपमा असहमत रहेको बताएका छन् । यसै विषयमा अरू प्रदेशको आंकडा हेर्दा सबैभन्दा धेरै अवरोध भाषाको कारण भए पनि बागमती प्रदेशमा ५१ प्रतिशत नागरिकले सार्वजनिक सेवा लिंदा भाषाले अवरोध गर्ने पक्षमा पूर्ण रूपमा असहमत रहेको बताएका छन् ।

चित्र ४.४: सेवा प्राप्त गर्दाको अवरोध/समस्याहरू (% मा, संख्या = २०३२)



४.५ सार्वजनिक सेवा लिंदाको सहजता

यो सर्वेक्षणमा नागरिकहरूलाई उनीहरूले जुनसुकै बेला लिएका सेवा लिनलाई कतिको सहजता भएको थियो भनेर सोधिएको थियो । तथ्याङ्क अनुसार नागरिकहरूले सरकारी विद्यालयमा बच्चाको भर्ना गर्न सबैभन्दा सहज भएको अनुभव गरेका छन् जसमध्ये ६१ प्रतिशतले सहज र २५ प्रतिशतले अत्यन्त सहज भएको आफ्नो अनुभव बताएका छन् र अत्यन्त थोरै (४%) ले मात्र सो सेवा लिन असहज भएको भनि आफ्नो अनुभव व्यक्त गरेका छन् । त्यसैगरी ८५ प्रतिशत नागरिकले

पञ्जिकरण (जन्मदर्ता, विवाह दर्ता, मृत्यु दर्ता आदि) मा, ८२ प्रतिशत नागरिकले नागरिकतामा र ७८ प्रतिशत नागरिकले नजिकको सरकारी अस्पतालमा वा स्वास्थ्य संस्थामा उपचार गर्न सहजै सेवा पाएको अनुभव व्यक्त गरेका छन् । आधाभन्दा थोरै बढी नागरिकले मात्र विद्युत जडान गर्ने (५५%) सेवा लिन सहज भएको भनेका छन् जसमा सो सेवा लिन लाई अत्यन्त असहज छ भन्नेमा १३ प्रतिशत नागरिक रहेका छन् र अत्यन्तै सहज भन्नेमा ज्यादै थोरै (४.६%) नागरिक रहेका छन् । आधा भन्दा कम नागरिक (४५%) ले खानेपानीको धारा जडान गर्नेमा र ३५ प्रतिशत नागरिकले जग्गा पास गर्न र रेकर्ड प्राप्त गर्ने सेवा लिनको लागि सहज भएको भन्ने अनुभव व्यक्त गरेका छन् । खानेपानी धारा जडान गर्ने सेवा लिन असहज छ भन्नेमा ४४ प्रतिशत नागरिक रहेका छन् जसमा अत्यन्त असहज भन्नेमा सबैभन्दा धेरै (२२%) नागरिक रहेका छन् । त्यस्तै जग्गा पास गर्न र रेकर्ड प्राप्त गर्ने सेवा प्राप्त गर्न असहज छ भन्नेमा ३८ प्रतिशत रहेका छन् जसमा अत्यन्त असहज भन्नेमा १६ प्रतिशत रहेका छन् ।

चित्र ४.५: सेवा प्राप्त गर्ने सहजता (% मा, संख्या = २०३२)



४.६ सार्वजनिक सेवाको वातावरण

नागरिकहरूलाई नेपालको सार्वजनिक सेवाको वातावरणसंग सम्बन्धित विषयलाई सुनाईएको थियो र उक्त विषयसंग कुन हदसम्म सहमत वा असहमत थिए भनेर सोधिएको थियो । तथ्याङ्क अनुसार यदि कसैसंग चिनेको वा पहुँच छ भने जसरी पनि काम हुन्छ भन्ने कुरामा सबैभन्दा धेरै (८६%) नागरिकहरू सहमत रहेका बताएका छन् जसमध्ये ६० प्रतिशत नागरिकहरू पूर्ण रूपमा सहमत रहेका छन् । दुई तिहाई नागरिकहरू (७४%) ले सरकारी कर्मचारीहरूले पर्याप्त तलव र सुविधा प्राप्त गरेका छन् भनेका थिए । त्यसैगरी सरकारी कार्यालयमा पर्याप्त साधन र सुविधाहरू छन् भन्ने कुरामा ६७ प्रतिशत नागरिक सहमत रहेका देखिन्छ जसमध्ये ४९ प्रतिशत नागरिकले सरकारी कर्मचारीहरूले पर्याप्त तलव र सुविधा प्राप्त गरेका बताएका छन् । साथै ३९ प्रतिशत नागरिकहरूले सरकारी कार्यालयमा पर्याप्त साधन र सुविधाहरू प्राप्त गरेको भन्ने कुरामा पूर्ण सहमत जनाएका छन् । आधा भन्दा बढी नागरिकहरू (५९%) ले सरकारी कार्यालयमा सेवा लिन काजपत्र मिलाएर मात्र हुँदैन घुस पनि आवश्यक छ भन्ने बताएका छन् । प्रायजसो नागरिक (५८%) आँफैले (विचौलियाको सहयोग विना) सेवा लिन सकेको भनेका छन् । सरकारी कार्यालयहरूमा सेवाहरू तोकिएको मापदण्डमा उपलब्ध गराइन्छ भन्ने कुराहरूमा ५२ प्रतिशत नागरिक सहमत रहेको देखिन्छ । सरकारी कार्यालयमा कुनै झण्झट विना सेवा प्राप्त गर्न सकिन्छ भन्ने कुरामा आधा भन्दा बढी नागरिकहरू असहमत रहेका छन् जसमध्ये २६ प्रतिशत नागरिकहरू पूर्ण रूपमा असहमत रहेको देखिन्छ । आधा भन्दा कम नागरिकहरू (४८%) ले सरकारी कार्यालयहरूमा सेवाहरू तोकिएको मापदण्डमा उपलब्ध गराइन्छ भन्नेमा सहमत छन् भने २४ प्रतिशत पूर्ण रूपमा असहमत रहेको देखिन्छ । राजनीतिक दलले आफ्नो अनुकूल काम गर्न सरकारी कर्मचारीलाई हस्तक्षेप गर्दैनन् भन्नेमा ज्यादै थोरै (३७%) नागरिकहरू सहमत रहेका छन् जसमध्ये १६ प्रतिशत पूर्ण रूपमा सहमत रहेको देखिन्छ तर ३० प्रतिशत पूर्ण रूपमा असहमत रहेको बताएका छन् (अनुसूची : तालिका ९) ।

४.७ सार्वजनिक सेवाबाट सन्तुष्टी

नागरिकहरूलाई सरकारी सेवा प्रवाहबाट कुन हदसम्म सन्तुष्टी छ भनि यो सर्वेक्षणमा सोधिएको थियो । समग्रमा बागमती प्रदेशमा चार जनामा तीन जना नागरिकहरू सन्तुष्ट रहेको अनुभव व्यक्त गरेका छन् जसमध्ये ५८ प्रतिशत केही सन्तुष्ट र २० प्रतिशत पूर्ण सन्तुष्ट रहेको भनि व्यक्त गरेको देखिन्छ । तथ्याङ्क अनुसार आठ जनामा एक जना केही असन्तुष्ट र ज्यादै थोरै ३.८ प्रतिशत मात्र पूर्ण रूपमा असन्तुष्ट रहेको भनि व्यक्त गरेका छन् । बाँकी ५.७ प्रतिशतले सेवा लिएको छैन वा सन्तुष्टीलाई व्यक्त गर्न सक्दिन भनेर आफ्नो अनुभव सुनाएका छन् । तराई समुदायका व्यक्तिहरू शतप्रतिशत नै सन्तुष्ट रहेको देखिन्छ । हरेक पाँच जनामा चार जना पहाडे ब्राह्मण/संन्यासी र दलित जातका व्यक्तिहरू सन्तुष्ट रहेका छन् । हरेक चार जनामा तीन जना पहाडे क्षेत्री/ठकुरी, नेवार र पहाडे जनजाति जातका व्यक्तिहरू सन्तुष्ट रहेको तथ्याङ्कले देखाउँछ । सबैभन्दा असन्तुष्ट

तराईका जनजातिहरू रहेको देखिन्छ जो ३१ प्रतिशत (केही र पूर्ण असन्तुष्ट) छन् । आर्थिक अवस्था उच्च भएका धनी व्यक्तिहरूको सन्तुष्टीको तह उच्च रहेको थियो जुन ८७ प्रतिशत (पूर्ण र केही सन्तुष्ट) रहेका छ जसमध्ये पूर्ण रूपमा सन्तुष्ट हुनेहरू ३० प्रतिशत रहेका छन् । आर्थिक अवस्था कमजोर भएका गरीवहरूको असन्तुष्टीको तह उच्च रहेको थियो जुन २० प्रतिशत (केही र पूर्ण असन्तुष्ट) छन् । माध्यमिक शिक्षा तह शैक्षिक योग्यता भएका नागरिकहरू सबैभन्दा सन्तुष्ट रहेको देखिएको छ जुन ८३ प्रतिशत (पूर्ण र केही सन्तुष्ट) रहेका छन् तर पूर्ण सन्तुष्ट हुनेमा निरक्षर व्यक्तिहरू धेरै रहेका छन् जुन २३ प्रतिशत थियो । सबैभन्दा धेरै असन्तुष्ट हुनेमा उच्चशिक्षा प्राप्त गरेका नागरिकहरू छन् जुन २१ प्रतिशत रहेको छन् र त्यसमध्ये पूर्ण असन्तुष्ट हुनेमा ७ प्रतिशत (जो पूर्ण असन्तुष्ट हुने मध्ये सबैभन्दा धेरै हो) रहेका छन् (अनुसूचीः तालिका १०) ।

परिच्छेद
५

देशको आगामी दिशा

५.१ देशको आगामी दिशा

यो सर्वेक्षणमा बागमती प्रदेशका कुल नागरिकलाई देशको आगामी दिशा कतातिर गइरहेको छ भन्ने बारे सोधिएको थियो । यसै सन्दर्भमा तालिका ५.१ ले देशको आगामी दिशा बारे देखाएको छ जसमा जम्मा नागरिकमध्ये ७६ प्रतिशत नागरिकले देश सही दिशातिर गइरहेको बताएका छन् भने १८ प्रतिशतले गलत दिशातिर गइरहेको बताएका छन् । त्यसैगरी देश कतातिर गएको बारे थाहा छैन र भन्न सक्दिन भन्नेमा ६ प्रतिशत नागरिक रहेका छन् । नागरिकको लिङ्गको आधारमा हेर्दा धेरैजसो महिला (७४%) ले देश सही दिशातर्फ गइरहेको भनेका छन् भने त्यस भन्दा कम (२०%) पुरूष नागरिकले देश गलत बाटोमा गइरहेको छ भन्ने धारणा व्यक्त गरेका छन् । सबैभन्दा कम १८-२४ (२१%) उमेर समूहले देश गलत दिशातिर गराइरहेको बताएका छन् । शैक्षिक अवस्थाको अनुसार सबैभन्दा कम (७१%) उच्च शिक्षा हासिल गरेका नागरिकले देश सही दिशातिर गराइरहेको बताएका छन् । जाति अनुसार सबभन्दा बढी तराई जनजाति (९२%) र सबभन्दा कम नेवार (७२%) नागरिकहरूले देश सही दिशातिर गराइरहेको बताएका छन् । पेशाको अनुसार सबैभन्दा बढी ज्यालादारी (७८%) र सब भन्दा कम बेरोजगार (७२%) ले देश सही दिशातिर गराइरहेको बताएका छन् । आर्थिक अवस्थाको अनुसार सबभन्दा बढी (८३%) धनी स्तर नागरिकहरूले देश सही दिशातिर गराइरहेको बताएका छन् भने सबैभन्दा कम गरीव (७४%) ले बताएको देखिन्छ (अनुसूची ११: तालिका ५.१) ।

५.२ देशको आगामी अवस्थामा सुधार

चित्र ५.२ मा नागरिकहरूलाई आगामी ५ वर्षभित्र निम्न प्रस्तुत क्षेत्रमा आशा गरेको परिवर्तनको बारेमा सोधिएको थियो र उनीहरूको धारणालाई चित्र ५.२ मा देखाइएको छ । तथ्याङ्क अनुसार सबै क्षेत्रमा हेर्दा बहुमत नागरिकले सुधार हुन्छ भन्ने मत जाहेर गरेका छन् जसमा नेपालको वर्तमान आर्थिक अवस्थामा परिवर्तन हुनेमा र आफ्नो जीवनस्तरमा सुधार आउनेमा ८१ प्रतिशत नागरिक रहेका छन् र नेपालको राजनीतिक अवस्थामा सुधार आउनेमा ७६ प्रतिशत नागरिक रहेको देखिन्छ । राजनीतिक दलहरू प्रति ७७ प्रतिशत र सरकारमाथि ८० प्रतिशत नागरिकको विश्वास रहेको देखिन्छ । त्यसैगरी, देशको आगामी अवस्था अझ बिग्रन्छ भन्ने नागरिकको प्रतिशत धेरै नै कम (३-४%) पाईयो र के-कस्तो हुने हो भन्ने विचारमा ६ प्रतिशत नागरिक रहेका छन् ।

चित्र ५.२: देशको आगामी अवस्थामा सुधार (% मा, संख्या = २०३२)



सन्दर्भ सूची

नेपालको संविधान २०७२, नेपाल सरकार ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ३ प्रदेश सरकार. (२०७५). प्रदेशको वस्तुस्थिति विवरण २०७५. हेटौडा, मकवानपुर्,: प्रदेश नीति तथा योजना आयोग, प्रदेश नं. ३.

अनुसूची

तालिका १: उत्तरदाताको सामाजिक तथा जनसंख्याको विवरण (प्रतिशत)

विवरण		संख्या	%
भौगोलिक क्षेत्र	हिमाल	६१३	३०.२
	पहाड	११३९	५६.१
	तराई	२८०	१३.८
नगरपालिका/ गाउँपालिका	नगरपालिका	११५७	५६.९
	गाउँपालिका	८७५	४३.१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	४४४	२१.९
	पहाडे क्षेत्री/ठकुरी	४५०	२२.१
	नेवार	१८३	९
	पहाडे जनजाति	७८१	३८.४
	तराई जात	४	०.२
	तराई जनजाति	३६	१.८
	दलित	१३४	६.६
	मुसलमान	०	०
उमेर समूह	१८-२४	२८३	१३.९
	२५ -३९	६७५	३३.२
	४०-५९	७२३	३५.६
	६० र सो भन्दामाथि	३५१	१७.३
शिक्षा	निरक्षर	६७२	३३.१
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	३५५	१७.५
	आधारभूत शिक्षा	४२४	२०.९
	माध्यमिक शिक्षा	४८०	२३.६
	उच्च शिक्षा	१०१	५

विवरण		संख्या	%
पेशा	कृषि	७०५	३४.७
	व्यापार	२११	१०.४
	सेवा	२७७	१३.६
	ज्यालादारी	२२५	११.१
	घरायसी काम	३३५	१६.५
	वेरोजगार	२२९	११.३
	अन्य पेशाहरू	५०	२.५
आर्थिकअवस्था	धनी	२३	१.१
	मध्यम स्तर	१४८८	७३.२
	गरीव	५२१	२५.६
	जम्मा	२०३२	१००

तालिका २ : वि.सं. २०७४ सालको संघीय तथा प्रदेश निर्वाचनमा सहभागिता (प्रतिशत)

विवरण		मतदान गरे %	मतदान गरीन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	९३	७	०	११५७
	गाउँपालिका	९२	८	०	८७५
नागरिकको लिंग	पुरूष	९२	८	०	१०१४
	महिला	९३	७	०	१०१८
उमेर समूह	१८-२४	८५	१६	०	२८३
	२५ -३९	९४	६	०	६७५
	४०-५९	९६	५	०	७२३
	६० र सो भन्दामाथि	९२	७	०	३५१
शिक्षा	निरक्षर	९५	५	०	६७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	९५	५	०	३५५
	आधारभूत शिक्षा	९२	८	०	४२४
	माध्यमिक शिक्षा	८९	११	०	४८०
	उच्च शिक्षा	९०	१०	०	१०१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	९३	७	०	४४४
	पहाडे क्षेत्री/ठकुरी	९२	८	०	४५०
	नेवार	९३	७	०	१८३
	पहाडे जनजाति	९३	७	०	७८१
	तराई जात	१००	०	०	४
	तराई जनजाति	८३	१७	०	३६
	दलित	९६	४	०	१३४
	मुसलमान	०	०	०	०

विवरण		मतदान गरे %	मतदान गरीन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
पेशा	कृषि	९६	४	०	७०५
	व्यापार	९३	६	०	२११
	सेवा	८७	१३	०	२७७
	ज्यालादारी	९५	५	०	२२५
	घरायसी काम	९३	७	०	३३५
	वेरोजगार	८७	१३	०	२२९
	अन्य पेशाहरू	८६	१४	०	५०
आर्थिक अवस्था	धनी	८२	१७	०	२३
	मध्यम स्तर	९३	८	०	१४८८
	गरीव	९४	६	०	५२१
	जम्मा	९३	७	०	२०३२

तालिका ३ संविधानको बारेमा ज्ञान (प्रतिशत)

विवरण		सुनेको छु %	सुनेको छैन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	६७	३३	११५७
	गाउँपालिका	६१	३९	८७५
लिंग	पुरूष	७३	२७	१०१४
	महिला	५६	४४	१०१८
उमेर समूह	१८-२४	७७	२३	२८३
	२५ -३९	७४	२५	६७५
	४०-५९	६१	३९	७२३
	६० र सो भन्दामाथि	४१	५८	३५१
शिक्षा	निरक्षर	३७	६३	६७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	६३	३६	३५५
	आधारभूत शिक्षा	७४	२६	४२४
	माध्यमिक शिक्षा	८८	१२	४८०
	उच्च शिक्षा	९९	१	१०१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	८०	२०	४४४
	पहाडे क्षेत्री ठकुरी	६८	३२	४५०
	नेवार	५४	४६	१८३
	पहाडे जनजाति	५७	४३	७८१
	तराई जात	१००	०	४
	तराई जनजाति	६७	३३	३६
	दलित	५८	४३	१३४
	मुसलमान	०	०	०
पेशा	कृषि	५६	४४	७०५
	व्यापार	८३	१८	२११
	सेवा	८९	११	२७७
	ज्यालादारी	५८	४२	२२५
	घरायसी काम	५७	४३	३३५
	वेरोजगार	५९	४१	२२९
	अन्य पेशाहरू	८४	१६	५०

विवरण		सुनेको छु %	सुनेको छैन %	जम्मा संख्या
आर्थिक अवस्था	धनी	८७	१३	२३
	मध्यम स्तर	७२	२८	१४८८
	गरीव	४२	५८	५२१
	जम्मा	६४	३६	२०३२

तालिका ४: स्थानीय तहमा निर्वाचीत प्रतिनिधिहरूले शासन प्रणालीमा गर्ने सुधार (प्रतिशत)

विवरण		उल्लेख्य सुधार गर्ने थिए %	केही सुधार गर्ने थिए %	केही पनि सुधार गर्ने छैन्न %	अझ विग्रने छ %	थाहा छैन/ भन्न चाहन्न %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	८	७७	९	२	५	११५७
	गाउँपालिका	६	७८	९	१	६	८७५
लिंग	पुरूष	८	८०	८	२	३	१०१४
	महिला	६	७५	१०	१	८	१०१८
उमेर समूह	१८-२४	६	८३	१०	१	०.७	२८३
	२५ -३९	७	७८	११	१	३	६७५
	४०-५९	८	७८	८	२	४	७२३
	६० र सो भन्दामाथि	७	६९	७	२	१५	३५१
शिक्षा	निरक्षर	७	७०	९	२	१२	६७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	८	७७	९	२	४	३५५
	आधारभूत शिक्षा	६	८१	१०	०.२	२	४२४
	माध्यमिक शिक्षा	७	८४	८	२	०.४	४८०
	उच्च शिक्षा	१०	७५	१२	२	१	१०१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	६	७९	९	२	४	४४४
	पहाडे क्षेत्री ठकुरी	८	७७	१०	२	३	४५०
	नेवार	१०	७२	९	०.५	९	१८३
	पहाडे जनजाति	६	७८	९	१	७	७८१
	तराई जात	०	५०	०	०	५०	४
	तराई जनजाति	१४	७२	६	३	६	३६
	दलित	७	७८	९	३	३	१३४
	मुसलमान	०	०	०	०	०	०

विवरण		उल्लेख्य सुधार गर्ने थिए %	केही सुधार गर्ने थिए %	केही पनि सुधार गर्ने छैन्न %	अझ विग्रने छ %	थाहा छैन/ भन्न चाहन्न %	जम्मा संख्या
पेशा	कृषि	९	७४	८.७	२	७	७०५
	व्यापार	७	८१	९	१.४	२	२११
	सेवा	८	८३	६.१	१.८	०.७	२७७
	ज्यालादारी	४	८३	८.९	१.३	३	२२५
	घरायसी काम	६	७९	१०.१	०	५	३३५
	वेरोजगार	५	६८	१३.१	२.२	१२	२२९
	अन्य पेशाहरू	१४	७६	४	०	६	५०
आर्थिक अवस्था	धनी	१३	७८	४.३	४.३	०	२३
	मध्यम स्तर	७	७९	८.६	१.३	४	१४८८
	गरीव	६	७३	१०.४	१.९	९	५२१
	जम्मा	७१	७७	९	२	५	२०३२

तालिका ५: राजनीतिक दलका क्रियाकलापबारे जानकारी (प्रतिशत)

विवरण		छ %	छैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	४८	५०	२	११५४
	गाउँपालिका	५३	४५	२	८७४
लिंग	पुरूष	६२	३७	१	१०१४
	महिला	३९	५९	३	१०१४
उमेर समूह	१८-२४	५६	४४	०	२८२
	२५ -३९	५५	४३	१	६७४
	४०-५९	४८	५१	१	७२२
	६० र सो भन्दामाथि	३९	५५	५	३५०
शिक्षा	निरक्षर	३३	६३	४	६७०
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	४४	५४	२	३५४
	आधारभूत शिक्षा	५७	४३	०	४२४
	माध्यमिक शिक्षा	६६	३३	०.६	४७९
	उच्च शिक्षा	८१	१९	०	१०१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	५७	४१	२	४४४
	पहाडे क्षेत्री ठकुरी	५७	४२	१	४४७
	नेवार	४१	५६	३	१८३
	पहाडे जनजाति	४७	५१	२	७८०
	तराई जात	५०	५०	०	४
	तराई जनजाति	२२	७८	०	३६
	दलित	४४	५५	२	१३४
	मुसलमान	०	०	०	०
पेशा	कृषि	४४	५४	२	७०४
	व्यापार	६०	४०	०.५	२११
	सेवा	६९	३१	०.४	२७७
	ज्यालादारी	५२	४६.४	२	२२४
	घरायसी काम	४०	५९	२	३३५
	वेरोजगार	४८	४७	६	२२७
	अन्य पेशाहरू	७२	२८	०	५०

विवरण		छ %	छैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
आर्थिक अवस्था	धनी	६५	३५	०	२३
	मध्यम स्तर	५४	४४	२	१४८६
	गरीव	३८	५९	३	५१९
	जम्मा	५०	४८	२	२०२८

तालिका ६: नागरिक चासोका विषयहरूमा सरकारले दिने सूचनाको अवस्था (प्रतिशत)

विवरण		नियमित रूपमा गराउँछ %	कहिले काँही गराउँछ %	विरलै गराउँछ %	कहिल्यै पनि जानकारी गराउँदैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	२५	४९	१२	७	७	११५७
	गाउँपालिका	१९	४८	१६	११	७	८७५
लिंग	पुरूष	२४	४६	१६	१०	४	१०१४
	महिला	२१	५०	१२	७	१०	१०१८
	उमेर समूह						
	१८-२४	१९	५८	१४	७	१	२८३
	२५ -३९	२३	५१	१६	६	४	६७५
	४०-५९	२३	४७	१४	१०	७	७२३
	६० र सो भन्दामाथि	२०	३८	१२	१२	१८	३५१
शिक्षा	निरक्षर	२०	४०	१३	१०	१७	६७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	२०	५१	१३	११	५	३५५
	आधारभूत शिक्षा	२६	४८	१६	८	२	४२४
	माध्यमिक शिक्षा	२३	५६	१४	६	०.२	४८०
	उच्च शिक्षा	२१	५८	१७	३	१	१०१
जातीयता	पहाडे व्राम्हण/ संन्यासी	२५	५३	१३	१०	३	४४४
	पहाडे क्षेत्री/ठकुरी	२५	४८	१२	१०	४	४५०
	नेवार	२५	४४	९	८	१५	१८३
	पहाडे जनजाति	१९	४७	१७	९	८	७८१
	तराई जात	७५	२५	०	०	०	४
	तराई जनजाति	३१	५६	३	०	११	३६
	दलित	१७	४७	१३	१३	१०	१३४
	मुसलमान	०	०	०	०	०	०

विवरण		नियमित रूपमा गराउँछ %	कहिले काँही गराउँछ %	विरलै गराउँछ %	कहिल्यै पनि जानकारी गराउँदैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
पेशा	कृषि	२२	४८	१३	१०	८	७०५
	व्यापार	२९	५१	९	९	३	२११
	सेवा	२३	५४	१८	५	०.४	२७७
	ज्यालादारी	१९	४४	२१	१२	४	२२५
	घरायसी काम	२५	४८	१२	५	१०	३३५
	वेरोजगार	१४	४५	१३	१२	१६	२२९
	अन्य पेशाहरू	२२	५६	१४	२	६	५०
आर्थिक अवस्था	धनी	४४	४८	९	०	०	२३
	मध्यम स्तर	२३	५३	१३	७	५	१४८८
	गरीव	१९	३७	१८	१२	१३	५२१
	जम्मा	२२	४८	१४	९	७	२०३२

तालिका ७: सार्वजनिक सेवा वापत तिरेको शुल्क (प्रतिशत)

विवरण		तिरे (तिरेको सवै रकमको रसिद पाए) %	तिरे, तर तिरेको सवै रकमको रसिद पाईन %	तिरेको छैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	६४	७	२८	१	८३३
	गाउँपालिका	५४	७	३९	०	५४२
लिंग	पुरूष	६२	७	३१	०.१	७२१
	महिला	५९	६	३५	१	६५४
उमेर समूह	१८-२४	६५	८	२८	०	२०६
	२५ -३९	६३	८	३०	०.४	४९३
	४०-५९	५९	६	३४	०.८	४९७
	६० र सो भन्दामाथि	५३	३	४३	१	१७९
शिक्षा	निरक्षर	५२	५	४२	१	३४७
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	५३	६	४०	०	२५३
	आधारभूत शिक्षा	६५	७	२८	०.३	३००
	माध्यमिक शिक्षा	६७	९	२४	०.३	३९३
	उच्च शिक्षा	६५	१०	३०	१	८२
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	६९	९	२३	०	३३०
	पहाडे क्षेत्री/ठकुरी	५७	४	३८	०.९	३३६
	नेवार	६०	३	३६	०.९	११०
	पहाडे जनजाति	५८	७	३४	०.४	४७८
	तराई जात	१००	०	०	०	२
	तराई जनजाति	६५	७	२४	३	२९
	दलित	५०	९	४०	१	९०
	मुसलमान	०	०	०	०	०

विवरण		तिरे (तिरेको सवै रकमको रसिद पाए) %	तिरे, तर तिरेको सवै रकमको रसिद पाईन %	तिरेको छैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
पेशा	कृषि	६१	५	३४	०.४	४६०
	व्यापार	६४	१०	२६	०.६	१५७
	सेवा	६४	९	२७	०.५	२१४
	ज्यालादारी	५५	१०	३५	०.७	१३९
	घरायसी काम	५३	६	४१	०.९	२२९
	वेरोजगार	६६	५	२९	०.७	१३९
	अन्य पेशाहरू	६५	०	३५	०	३७
आर्थिक अवस्था	धनी	७१	१०	२४	०	१७
	मध्यम स्तर	६४	६	३०	०.५	१०८६
	गरीव	४५	९	४५	१	२७२
	जम्मा	६०	६.५	३३	०.६	१३७५

तालिका ८: सेवा लिनको लागि गरिएका प्रयास (प्रतिशत)

विवरण		एक पटक %	दुई पटक %	तीन पटक %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	६८	२४	९	८३२
	गाउँपालिका	७६	२०	५	५४२
लिंग	पुरूष	७०	२२	९	७२१
	महिला	७२	२२	६	६५३
उमेर समूह	१८-२४	७४	२२	७	२०६
	२५ -३९	६८	२४	८	४९३
	४०-५९	७१	२१	९	४९६
	६० र सो भन्दामाथि	७६	१९	५	१७९
शिक्षा	निरक्षर	७४	१९	८	३४७
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	७५	१७	८	२५२
	आधारभूत शिक्षा	७०	२५	५	३००
	माध्यमिक शिक्षा	६८	२५	७	३९३
	उच्च शिक्षा	६३	२३	१३	८२
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	६७	२६	६	३३०
	पहाडे क्षेत्री ठकुरी	७५	१९	६	३३६
	नेवार	६४	२४	१३	११०
	पहाडे जनजाति	७२	२२	७	४७८
	तराई जात	५०	५०	०	२
	तराई जनजाति	७२	२१	७	२९
	दलित	७३	१८	९	८९
	मुसलमान	०	०	०	०
पेशा	कृषि	७२	२२	५	४५९
	व्यापार	६५	२३	१२	१५७
	सेवा	६८	२३	८	२१४
	ज्यालादारी	६३	२५	१२	१३९
	घरायसी काम	७६	१९	५	२२९
	वेरोजगार	७८	१९	२	१३९
	अन्य पेशाहरू	७०	२२	८	३७

विवरण		एक पटक %	दुई पटक %	तीन पटक %	जम्मा संख्या
आर्थिक अवस्था	धनी	७१	२४	६	१७
	मध्यम स्तर	७०	२३	७	१०८५
	गरीव	७६	१७	७	२७२
	जम्मा	७१	२२	७	१३७४

तालिका ९: सेवा प्राप्त गर्ने वातावरण (प्रतिशत)

विवरण		पूर्ण सन्तुष्ट छु %	केही सन्तुष्ट छु %	केही असन्तुष्ट छु %	पूर्ण असन्तुष्ट छु %	सेवा लिएको छैन %	थाहा छैन/भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	२२	५६	१३	४	३	२	११५७
	गाउँपालिका	१८	६०	१२	४	४	३	८७५
लिंग	पुरूष	२१	६०	१२	५	१	०.९	१०१४
	महिला	२०	५५	१३	३	५	४	१०१८
उमेर समूह	१८-२४	१५	६५	१०	४	५	०.७	२८३
	२५ -३९	१९	६१	१२	५	२	०.७	६७५
	४०-५९	२२	५५	१५	४	४	२	७२३
	६० र सो भन्दामाथि	२५	५१	१०	१	४	८	३५१
शिक्षा	निरक्षर	२३	४७	१४	३	६	७	६७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	२१	६१	१४	३	२	०.३	३५५
	आधारभूत शिक्षा	२०	६१	११	४	३	०.५	४२४
	माध्यमिक शिक्षा	१७	६६	११	५	१	०	४८०
	उच्च शिक्षा	१४	६१	१४	७	४	०	१०१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	१७	६४	११	४	२	२	४४४
	पहाडे क्षेत्री ठकुरी	२३	५६	१३	४	३	१	४५०
	नेवार	२५	५०	१६	२	४	३	१८३
	पहाडे जनजाति	२०	५६	१३	४	४	३	७८१
	तराई जात	२५	७५	०	०	०	०	४
	तराई जनजाति	१७	४७	२८	३	०	६	३६
	दलित	१९	६५	९	४	३	०.७	१३४
	मुसलमान	०	०	०	०	०	०	०

विवरण		पूर्ण सन्तुष्ट छु %	केही सन्तुष्ट छु %	केही असन्तुष्ट छु %	पूर्ण असन्तुष्ट छु %	सेवा लिएको छैन %	थाहा छैन/भन्न सक्दिन %	जम्मा संख्या
पेशा	कृषि	२२	५६	११	३	५	३	७०५
	व्यापार	१९	६२	१२	४	४	०	२११
	सेवा	१७	६६	१२	४	१	०	२७७
	ज्यालादारी	२३	५४	१४	८	२	०.४	२२५
	घरायसी काम	२४	५३	१५	४	२	३	३३५
	वेरोजगार	१४	५६	१५	३	६	७	२२९
	अन्य पेशाहरू	१४	६४	१६	६	०	०	५०
आर्थिक अवस्था	धनी	३०	५७	१३	०	०	०	२३
	मध्यम स्तर	१९	६२	१२	४	२	२	१४८८
	गरीव	२३	४६	१६	५	६	४	५२१
	जम्मा	२०	५८	१३	४	३	२	२०३२

तालिका १०: सेवापछिको सन्तुष्टी (प्रतिशत)

विवरण		पूर्ण सन्तुष्ट छु %	केही सन्तुष्ट छु %	केही असन्तुष्ट छु %	पूर्ण असन्तुष्ट छु %	सेवा लिएको छैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	२३	५६	१३	४	३	२	११५७
	गाउँपालिका	१८	६०	१२	४	४	३	८७५
लिंग	पुरूष	२१	६०	१२	५	१	०.९	१०१४
	महिला	२०	५५	१३	३	५	४	१०१८
उमेर समूह	१८-२४	१५	६५	१०	४	५	०.७	२८३
	२५ -३९	१९	६१	१२	५	२	०.७	६७५
	४०-५९	२२	५५	१५	४	४	२	७२३
	६० र सो भन्दामाथि	२५	५१	१०	१	४	८	३५१
शिक्षा	निरक्षर	२३	४७	१४	३	६	७	६७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	२१	६१	१४	३	२	०.३	३५५
	आधारभूत शिक्षा	२०	६१	११	४	३	०.५	४२४
	माध्यमिक शिक्षा	१७	६६	११	५	२	०	४८०
	उच्च शिक्षा	१४	६१	१४	७	४	०	१०१
जातीयता	पहाडे ब्राह्मण /संन्यासी	१७	६४	११	४	२	२	४४४
	पहाडे क्षेत्री ठकुरी	२३	५६	१३	४	३	१	४५०
	नेवार	२५	५०	१६	२	४	३	१८३
	पहाडे जनजाति	२०	५६	१३	४	४	३	७८१
	तराई जात	२५	७५	०	०	०	०	४
	तराई जनजाति	१७	४७	२८	३	०	६	३६
	दलित	१९	६५	९	४	३	०.७	१३४
	मुसलमान	०	०	०	०	०	०	०

विवरण		पूर्ण सन्तुष्ट छु %	केही सन्तुष्ट छु %	केही असन्तुष्ट छु %	पूर्ण असन्तुष्ट छु %	सेवा लिएको छैन %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
पेशा	कृषि	२२	५६	११	३	५	३	७०५
	व्यापार	१९	६२	१२	४	४	०	२११
	सेवा	१७	६६	१२	४	१	०	२७७
	ज्यालादारी	२३	५४	१४	७	२	०.४	२२५
	घरायसी काम	२४	५३	१५	४	२	३	३३५
	वेरोजगार	१४	५६	१५	३	६	७	२२९
	अन्य पेशाहरू	१४	६४	१६	६	०	०	५०
आर्थिक अवस्था	धनी	३०	५७	१३	०	०	०	२३
	मध्यम स्तर	झढ	६२	१२	४	२	२	१४८८
	गरीव	२३	४६	१६	५	६	४	५२१
	जम्मा	२०	५८	१३	४	३	२	२०३२

तालिका ११: देशको आगामी दिशा (प्रतिशत)

	विवरण	सही दिशातर्फ गइरहेको छ %	गलत दिशातर्फ गइरहेको छ %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
नगरपालिका/ गाउँपालिका	नगरपालिका	७४	२०	६	११५७
	गाउँपालिका	८०	१५	६	८७५
लिंग	पुरुष	७६	२०	४	१०१४
	महिला	७४	१५	८	१०१८
उमेर समूह	१८-२४	७६	२१	३	२८३
	२५ -३९	७८	१९	३	६७५
	४०-५९	७८	१७	५	७२३
	६० र सो भन्दामाथि	७१	१३	१५	३५१
शिक्षा	निरक्षर	७५	१२	१३	३७२
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	८१	१५	३	३५५
	आधारभूत शिक्षा	७६	२०	४	४२४
	माध्यमिक शिक्षा	७६	२३	१	४८०
	उच्च शिक्षा	७१	२७	२	१०१
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	७५	१४	३	४४४
	पहाडे क्षेत्री ठकुरी	७२	१८	४	४५०
	नेवार	७२	२६	१४	१८३
	पहाडे जनजाति	८०	५३	७	७८१
	तराई जात	७५	०	०	४
	तराई जनजाति	९२	०	०	३६
	दलित	७७	११	८	१३४
	मुसलमान	०	०	०	०
पेशा	कृषि	७७	१६	७	७०५
	व्यापार	७६	२०	४	२११
	सेवा	७८	२०	१	२७७
	ज्यालादारी	७८	१९	५	२२५
	घरायसी काम	७७	१७	७	३३५
	वेरोजगार	७२	१७	११	२२९
	अन्य पेशाहरू	७८	१६	६	५०

	विवरण	सही दिशातर्फ गइरहेको छ %	गलत दिशातर्फ गइरहेको छ %	थाहा छैन/ भन्न सक्दिन %	जम्मा संख्या
आर्थिक अवस्था	धनी	८३	१७	०	२३
	मध्यम स्तर	७७	१८	५	१४८८
	गरीव	७४	१६	१०	५२१
	जम्मा	७६	१८	६	२०३२

अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
ईमेलः rcsd@nasc.org.np
www.nasc.org.np

ISBN 978-9937-9467-9-7